जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक २९५ • २०८० साल चैत्र ९ गते शुक्रबार (22 March, Friday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-



## पर्यटन विकास कार्यालयमा लाखौंको अनियमितता

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकार मातहतको पर्यटन विकास कार्यालय धनुषामा लाखौंको अनियमितता भएको छ । गत आर्थिक वर्षदेखि चालु आर्थिक वर्षको ६ महिनामा करोडौ रकम हिनामिना भएको स्रोतहरुले जनाएका छन् ।

चालु आर्थिक वर्षको कार्यक्रम स्वीकृत भई सञ्चालन नहुँदै कार्यालयले बिभिन्न शीर्षकमा झण्डै ५३ लाख रुपैयाँ खर्च गरिसकेको छ । विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) लगायतको नाममा रकम खर्च गरिएको छ ।

दैनिक ज्यालादारीमा कर्मचारी भर्ना गरी डीपीआर गराइएको छ । स्रोतहरुका अनुसार कार्यालयमा दैनिक ज्यालादारी कर्मचारीलाई एक वर्षे नियुक्ति सम्झौता गरिएको छ ।

कमिसन नदिनेहरुको सवा ३ करोड रकम गत आर्थिक वर्षमा भुक्तानी नगरिएको ठेकेदारहरुले जनाएका छन् । उनीहरु दिनहुँ मन्त्रालयमा भुक्तानीका लागि दौडधुप गरे पनि हालसम्म भुक्तानी पाएका छैनन् ।

दैनिक ज्यालादारीमा इञ्जिनियरहरुलाई खटाएर डीपीआर गराइएको बताइएको छ । तर ती कार्यहरु गराइएको बेला कार्यालयको कार्यक्रमसमेत स्वीकृत भएको थिएन् ।

यस सम्बन्धमा कार्यालय प्रमुख बासु भट्ट्ले केही त्रुटि भएको स्वीकारेका छन् । 'करिब ५३ लाख रुपैयाँ कार्यक्रम स्वीकृत नहुँदै खर्च भएको देखिएको छ ' उनले भने, त्यसमा आफ्नो संलग्नता रहेको छैन् ।

कार्यालयका पूर्व प्रमुख मिन

> 'करिब ५३ लाख रुपैयाँ कार्यक्रम स्वीकृत नहुँदै खर्च भएको देखिएको छ'

बहादुर भट्टराईले अनियमित रुपमा गरेका काममा लेखा अधिकृत नविन कुमार झा साक्षी बसेका छन् । प्राविधिक तथा लेखा सहायक पदमा दैनिक ९६५ रुपैयाँ तलब, भत्ता पाउने गरी महोत्तरी जिल्ला मनरा सिस्वा नपा-९ बथनाहा बस्ने दिलीपकुमार झा , महोत्तरी जिल्लाकै पिपरा गाउँपालिका वडा नम्बर १ बस्ने इन्द्रेशकुमार झालाई साधारण सुपरभाइजरमा २०८० साउन ४ गते देखि २०८१ असार मसान्तसम्मका लागि नियुक्त गरिएको छ ।

कार्यालय प्रमुख भट्टले दैनिक ज्यालादारी(डोर हाजिर)का कर्मचारीलाई वार्षिक रुपमा नियुक्ति दिनु कानुन सम्मत नरहेको स्वीकारेका छन् । तर निमित्त कार्यालय प्रमुख भ्टटराईले नै यस प्रकारको सम्झौता गरेको उनले बताए ।

निमित्त प्रमुख भट्टराई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मुद्दाबाट निलम्बनमा परेका छन् । उनीमाथि स्रोत भन्दा ३ करोड बढी रकम आर्जन गरेको अभियोग छ ।

निमित्त प्रमुख भट्टराई रहेको बेला गत आर्थिक वर्षमा काम सम्पन्न गरिसके पनि कमिसन नदिएको कारण चेक नबनाइएको ठेकेदारहरुको आरोप छ । भुक्तानीका लागि कार्यालयमा कुटाकुट समेत भएको थियो ।

विभिन्न कन्टीजेन्सीबाट प्राप्त रकम मध्ये निमित्त प्रमुख भट्टराई र लेखा अधिकृत नविन कुमार झाले रकम अनियमितता गरेको बताइन्छ ।

## गठबन्धन सरकार निरन्तर चल्ने : उपप्रम महासेठ

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एमालेका सचिव समेत रहेका उपप्रधान एवं भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठले वर्तमान पाँच दलीय गठबन्धनले संसद्को बाँकी अवधिसम्म निर्वाध रुपमा चल्ने बताएका छन् । देश विकासलाई प्राथमिकतामा राखेर नै गठबन्धन भएको उनले बताए ।

दोस्रो पटक उपप्रधानमन्त्री बनेका महासेठ पहिलो पटक बिहीवार गृहनगर जनकपुरधाममा आइपुग्दा उनलाई विमानस्थलमा कार्यकर्ताहरुले स्वागत गरेका थिए ।



उपप्रधानमन्त्री महासेठले विमानस्थलमा सञ्चारकर्मीहरुसितको संक्षिप्त संवादमा भने-'प्रतिपक्षमा रहेका दलहरूसहितको सहकार्यमा वर्तमान गठबन्धन सरकारले देश विकासका लागि प्रतिबद्ध भएर काम गर्ने छ ।' नेकपा एमालेले चार वर्ष तीन महिनापछि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको नेतृत्व गर्न पाएको उनले बताए ।' प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले भौतिक पूर्वाधारको विकासलाई उच्च प्राथमिकतामा राखेर काम गर्न दिनुभएको निर्देशन अनुसार कटिबद्ध भएर म लागेको छु ।'

"भौतिक पूर्वाधारको विकासबिना देश समृद्धितर्फ जानसक्दैन ' नेता महासेठले भने,-'त्यसैले सरकारको पहिलो लक्ष्य नै भौतिक पूर्वाधारसँग सम्बन्धित विषयहरूमा काम गर्नु हो ।'

'हुलाकी सडकदेखि पूर्वपश्चिम महेन्द्र राजमार्गको स्तरोन्नति र अन्य मार्ग, पुलपुलेसा तथा सडक समयमै बनाउन हामी लाग्छौं' उनले भने-'पूर्वाधारको काम धेरै अधुरा रहेको र कति जिर्ण भइसकेकाले सरकारको प्राथमिकतामा रहेको छ ।'

आफ्नो गृह जिल्ला धनुषामा अधुरा रहेका सडक, पुल पुलेसा र अन्य विकास निर्माणका काम आफ्नै कार्यकालमा सम्पन्न गर्ने उनले प्रतिबद्धता व्यक्त गरे । भौतिक पूर्वाधार मन्त्री महासेठले सरकारले पूर्वाधारलाई प्राथमिकतामा राखेकाले देशैभरि काम जनताले देखिनेगरि हुने बताए ।

एमाले–कांग्रेसबीच सहकार्यका विषयमा उनले भने,-'वर्तमान सरकारले बाँकी अवधिसम्म सहकार्य गर्ने र प्रतिपक्षमा रहेको नेपाली कांग्रेससँग पनि सहकार्यको भावनाका साथ अगाडि बढ्ने छ ।' यो सरकार बाँकी अवधिसम्म चल्छ ' नेता महासेठले भने-'प्रमुख प्रतिपक्षी भन्नुको अर्थ कांग्रेस 'वेटिङ गभर्मेन्ट' समेत भएकाले उसँग प्रतिपक्षमा होस् वा सरकारमा जहाँ भए पनि सहकार्य त हुन्छ नै, जो अहिले भइरहेको छ ।'

'गृहमन्त्री रवि लामिछानेका विषयमा कांग्रेसले उठाएको प्रश्न आफ्नो कित्तामा नउभिएपछिको आक्रोश हो' उनले भने, यो विषय छलफल र अनुसन्धानकै अवस्थामा रहेकाले दोषी देखिए कोही पनि सरकारमा बस्न सक्दैनन् ।

मधेश सरकारसहित सातवटै प्रदेश सरकार पुनःगठनका विषयमा गठबन्धन दलबीच छलफल चलिरहेकाले चाँडै निष्कर्षमा पुग्ने उनले बताए । 'प्रदेश सरकारको विषयमा शीर्ष नेताहरुबीच छलफल भइरहेकै अवस्था छ ' उनले भने-'नेताहरुले निर्णय गरे अनुसार नै प्रदेश सरकारको नेतृत्व बाँडफाँट हुनेछ ।'

गठबन्धन दलहरुको न्यूनतम साझा कार्यक्रम सार्वजनिक भइसकेकाले त्यस संकल्पलाई पूरा गर्न सरकार प्रतिबद्ध रहेको उनले बताए ।

विमानस्थलमा उनलाई स्वागत गर्नका लागि भारी संख्यामा नेता, कार्यकर्ताहरु पुगेका थिए ।३ क्विन्टलको माला समेत, सगुनको प्रतीक माछाको भार समेत लगिएको थियो ।






# आधुनिक युग विज्ञान प्रविधिको हो: मन्त्री सुनिता यादव

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारका उद्योग वाणिज्य तथा पर्यटन मन्त्री सुनिता यादवले आधुनिकता अनुसार हुलाकको सेवालाई परिमार्जित गर्नुपर्ने आवश्यकता रहेको बताएकी छन् ।

जनकपुधाममा बिहीबार हुलाक सेवा विभागले आयोजना गरेको अन्तरक्रिया छलफल कार्यक्रममा बोल्दै उनले आधुनिक युग विज्ञान र प्रविधिको युग रहेकाले सोही अनुसार हुलाक कार्यालयले आफ्नो सेवा र तरिकालाई समय सापेक्ष अनुसार परिवर्तन गर्दै अघि बढ्नुपर्ने आवश्यकता रहेको औल्याइन् ।

द्रुत डाँक सेवा (एएमएस) सम्बन्धी एक दिने अन्तरक्रिया तथा छलफल कार्यक्रममा उद्योग वाणिज्य तथा पर्यटनमन्त्री यादवले अहिले हरेक हातमा मोवाइल भएपछि मैसेन्जर, व्हाट्सएप, भाइबरलगायतका विभिन्न प्रविधिको माध्यमले कुराकानी हुँदा हुलाक कार्यालय




मार्फत चिठ्ठी पत्र पठाउने अवस्था ह्वात्तै घटेकाले सकारात्मकरुपमा हुलाक सेवाको आधुनिकतालाई आत्मसात गर्दै द्रुतगतिमा कामकारबाही प्रक्रिया अघि बढाउनुपर्ने भनिन् ।

'करिब दुई दशक अघिसम्म हुलाक कार्यालयबाट चिठ्ठी आउँदा गाउँमै हल्ला हुनेगर्थ्यो र सो पत्रका लागि मान्छेहरु निकै ब्यग्रतापूर्वक प्रतिक्षा गर्ने हुनाले यसका हुलाक कार्यालयले आफ्ना पुराना सामग्रीहरुको संरक्षणपनि गर्नुपर्छ ।'

उद्योग वाणिज्य तथा पर्यटन मन्त्री यादवले भनिन् ।

उनले अहिलेका यूवा पिढी बेरोजगार भएकै कारणले भन्दा पनि अध्ययन, अवसर र विभिन्न कारणले यहाँका बेराजगार, यूवादेखि केही सरकारी कर्मचारीहरुसमेत आफ्नो देश छाडि रहेको प्रति दुःखेसो पोखिन् ।

उनले देश विकासको काम गर्ने बेलामा राम्रै आयआर्जन गर्ने गरेका सरकारी कर्मचारीहरुसमेत जागिर छाडेर अन्य मुलुकमा जानु गैरजिम्मेवारपूर्ण रहेको बताइन् ।

उनले देश विकासका लागि यूवा, कर्मचारीहरुसमेत देश बनाउन आफ्नो अभिभारा विर्सिनु नहुने बताइन् ।

उनले मलुकमा बन्द उद्योगहरु खोलाउनुपर्ने वातावरणसँगै अहिलेको अवस्थामा नीजि उद्योग तथा कलकारखानासमेत संचालनका लागि प्रतिस्पर्धामा ल्याउनुपर्ने चुनौति रहेको बताइन् ।

# सफाईकर्मीहरुका लागि नि:शुल्क स्वास्थ्य शिविर

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल विकास समाज, चितवनले 'घरेलु फोहरको उचित व्यवस्थापन मार्फत नेपालमा जनस्वास्थ्य तथा वातावरणीय स्वास्थ्यमा सुधार परियोजना' अन्तर्गत जनकपुरधाम उपमहानगर पालिकासंगको सहकार्य तथा जनस्वास्थ्य कार्यालय जनकपुरधाम र क्वीष्ट फर्मास्युटीकल लिमिटेडको सहयोगमा उपमहानगर भित्रका सर सफाईकर्मीहरुका लागि निःशुल्क स्वास्थ्य शिविरको साथै सफाईकर्मीहरुलाई स्वास्थ्य सम्बन्धी तालिम र उपकरणहरु प्रदान गरेको छ ।

जनकपुरकपुरधाम उपमहानगर पालिकाको सभा कक्षमा बिहीबार देखि संचालित भएको उक्त शिविर शनिवार सम्म चल्ने तथा यस शिविरमा जनकपुरधाम उपमहानगर पालिकामा कार्यरत १८५ जना सर-सफाईकर्मीहरुलाई चिकित्सकहरुद्वारा स्वास्थ्य परीक्षण, क्षयरोग, एचआईभी एड्स, हेपाटाइटिश बी र सी, सुगर एवं पिसाप परीक्षण तथा आवश्यक औषधिहरु पनि निःशुल्क प्रदान गरिने नेपाल विकास समाजकी निर्देशक गीता




साहले जानकारी दिए । निर्देशक साहले दिएको जानकारी अनुसार-सफाईकर्मीहरुलाई एक-एक थानगम बूट, पञ्जा तथा चम्किलो ज्याकेट पनि प्रदान गरिने छ ।

शिविर उद्घाटन समारोहलाई संवोधनगर्दै जनकपुरधाम उपमहानगर पालिकाका प्रमुख मनोजकुमार साहले सफाईकर्मीहरु असल समाजसेवि भएको बताए । उनले भने-'कस्तो अचम्म हामीले गरेको फोहर जसले सफा गर्छ, ऊ फोहरी अनि हामी सुकिलामुकिला ?'

फोहर व्यवस्थापन जनकपुरधामको मुख्य समस्या भएको जिकिर गर्दै प्रमुख साहले नेपाल विकास समाजले परिकल्पना गरेको सोलिड हेल्थको परिकल्पना फोहर व्यवस्थापन बाटै पूरा हुने बताए । जनकपुरधाम उपमहानगर पालिका फोहर व्यवस्थापनको लागि आवश्यक पहल गरी रहेको जानकारी पनि उनले दिए ।

जनकपुरधाम उपमहानगर पालिकाका उपप्रमुख किशोरी साहले सफाईकर्मीहरुको सीप तथा सुरक्षाका लागि नेपाल विकास समाजले आयोजना गरेको निःशुल्क स्वास्थ्य शिविरबाट सफाईकर्मीहरु लाभान्वित हुने बताए ।

शिविरको पहिलो दिन ८५ जना स्वास्थ्यकर्मीले स्वास्थ्य परीक्षण गराएको नेपाल विकासकी कार्यक्रम अधिकारी अंत्रा कापरले जानकारी दिइन् ।

# ५० लाख भन्दा बढीको चोरी

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्जको सुरक्षा अवस्थालाई चुनौती दिदै व्यापारिक केन्द्रबिन्दुको रुपमा रहेको आदर्शनगरमा ५० लाख भन्दा बढीको सरसामान चोरी भएको छ । पर्साका प्रहरी उपरीक्षक कुमोध ढुगेलले वीरगञ्ज लगायत पर्साको सुरक्षा व्यवस्थालाई चुस्त-दुरुस्त बनाउने प्रतिबद्धता व्यक्तगरेको २४ घण्टा नबित्दै एक व्यापारीको घरमा चोरी भएको छ ।

नवआगन्तुगक प्रहरी उपरीक्ष ढुंगेलले बुधबार मात्रै पर्सा जिल्लाको सुरक्षा कडा पारिएको संचारकर्मीहरुमाझ दाबी गरेका थिए । वीरगञ्ज महानगरपालिका वडा नम्बर १० आदर्शनगरमा रहेको घरमा बुधबार राति चोरी भएको भन्दै जिल्ला प्रहरी कार्यालय पर्सामा दिनेश टिवरेवालले उजुरी



दिएका छन ।

टिबडेवाल कपडाका व्यापारी छन । वीरगञ्जको माइस्थानमा उनको कपडा पसल छ । अदर्शनगरमा रहेको घरको पछाडिको झ्याल फोडेर घरबाट गरगहना, कपडा र नगद रुपैयाँ चोरी भएको जनाइएको छ । लगभग एक बजे राति तिर घरमा पसेका चोरहरुले बुढी आमालाई धम्क्याउदै ५०लाख मूल्य भन्दाबढीका सामानहरु चोरेको पीडित पक्षले दाबी गरेका छन् ।

अदर्शनगरमा भएको चोरीमा २० तोला सून र एक लाख नगद मात्र चोरी भएको उजुरी परेकोजिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । वीरगञ्जका ठूला उद्योगपति र व्यापारिक केन्द्रबिन्दुको रुपमा रहेको आदर्शनगरमा भएको चोरीले व्यापारीहरुलाई भयभित बनाएको छ ।

# स्वर सम्राट मेनुका पौडेलको नाम

**अनिल तिवारी**

वीरगंज । 'जादुगर शैया, छोड मोरे बइया, हो गइ अन्धेरी रात ,अब घर जाने दो' स्वर सम्राट स्वर्गी लता मंगेशकरको सुमधुर अवाजको यो गीतले वीरगंजवासीलाई मन्त्रमुग्द बनाएको थियो । बाहिर रिमझिम पानीको झरी र भित्र लतामंगेशकरकै स्वगरमा गुञ्जिएको विभिन्न 'मेलोडीसंग'ले कार्यक्रमलाई विभोर बनाएको थियो । भारतीय महावाणिज्य दूतावास र नेपाल भारत सहयोग मंचले आयोजना गरेको कार्यक्रममा मेनुका पौडेलको प्रस्तुतिबाट सबै आनन्दित गएको थिए ।

बिहीबार साँझ आयोजित 'एक शाम लता मंगेशकरके नाम' कार्यक्रममा नवउदयमान मेनुका पौडेलले लता मंगेशकरले गाएको विभिन्न गीतहरु ल्याएपछि सहभागी भएकाहरु सबै झुमेर मस्त बनेका थिए ।

मेनुकाले प्रस्तुत गरेको विभिन्न गीतहरुले महौललाई समागीन मात्र बनाएन




सहभागी बारा, पर्साका सबै सुरक्षा प्रमुखहरु मोवाइलमा भिडियो बनाउनमा लिन समेत देखिएका थिए । सो कार्यक्रममा मेनुका पौडेल लता मंगेशकर संगीत पुरस्कारबाट समेत सम्मानित गरेको थियो । समारोहमा ५१ हजार रुपैयाँ नगद सो पुरस्कारबाट पौडेललाई सम्मानित गरेको थियो ।

वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंह र वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदुत देवी सहाय मिनाले पौडेललाई सम्मानपत्र सहित नगद पुरस्कार प्रदान गरेको थियो ।

सो कार्यक्रममा भारतीय महाबाणिज्य दुत देवीसहाय मिणाले स्वर र संगीतको कुनै सिमा नभएको बताउँदै नेपाल झापाको मेनुकाले भारतमा आफ्नो नाम रोशन गरेकोमा खुसी व्यक्त गरे ।

हनुमानी देवी नथमल वैद्य सेवा समिति वीरगंजले दुई वर्ष अघि गायिका लता मंगेशकरको निधनको दुई दिनपछि सो पुरस्कार घोषणा गरेको समितिका अध्यक्ष अशोक वैद्यले बताए ।

वीरगंज साइक्लिङ क्लवले पनि गायिका पौडेललाई प्रोत्साहन स्वरुप २५ हजार रुपैयाँ नगद दिएको थियो । भने संस्थाका कोषाध्यक्ष संजय अग्रवालले सो रकम पौडेललाई हस्तान्तरण गरेका थिए ।

# एक महिनापछि पर्सा गाउँपालिकामा लगाएको ताला खुल्यो

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको दक्षिण-पूर्वी भेगस्थित सीमावर्ती क्षेत्रमा पर्ने पर्सा गाउँपालिकामा जनप्रतिनिधिले नै गरेको तालाबन्दी ३६ दिनपछि खुलेको छ ।

गाउँपालिकाका बहुमत कार्यपालिका सदस्यले विभिन्न १९ बुँदे माग राख्दै गएको फागुन १ गतेदेखि कार्यालयमा तालाबन्दी गरेका थिए । असन्तुष्ट जनप्रतिनिधिको १९ बुँदे मागका सम्बन्धमा अर्को कार्यपालिका बैठकमा छलफल भएपछि योजना सञ्चालन गर्ने सहमति गरी गाउँपालिकाको कार्यालयमा लगाइएको ताला खोलिएको छ ।

गाउँपालिकाका अध्यक्ष धीरेन्द्र रायको अध्यक्षतामा बसेको कार्यपालिका बैठकले आफूहरूको मागका सम्बन्धमा अर्को




बैठकमा बृहत् छलफल गर्ने गरी तत्काल तालाबन्दी खोल्ने सहमति गरेको पर्सा गाउँपालिका-२, सङ्ग्रामपुरका वडाध्यक्ष राकेश रामले जानकारी दिए । उनका अनुसार सहमतीपश्चात बुधवार साँझ नै गाउँपालिका अध्यक्ष राय, प्रमुख प्रशासकीय अधिकृत सुरेशकुमार यादवसहितको उपस्थितिमा गाउँपालिका कार्यालयमा लगाइएको ताला खोलिएको छ ।

तालाबन्दी खुलेसँगै बिहीबारबाट गाउँपालिकाको कामकाज नियमित सुचारु भएको छ । एक महिनापछि कार्यालय खुल्दा बिहीबार गाउँपालिका कार्यालयमा सेवाग्राहीको चहलपहल देखिन्छ ।

३६ दिनसम्म गाउँपालिकामा तालाबन्दी हुँदा स्थानीय निराश बनेका थिए । गाउँपालिकाका असन्तुष्ट जनप्रतिनिधिले गत आर्थिक वर्ष २०७९/०८० को आय-व्ययको फाँटवारी उपलब्ध गराउनुपर्ने, शाखा प्रमुखहरूको कामकाज सन्तोषजनक नभएकाले हेरफेर वा आवश्यकता अनुसार हटाउनुपर्ने, स्थायी, करार र दैनिक ज्यालादारी कर्मचारीको तलबसहित नामावली विवरण उपलब्ध गराउनुपर्ने, इन्धन खर्चको विवरण उपलब्ध गराउनुपर्ने, २०७४ सालदेखि अहिलेसम्मको पेश्की र बेरुजु फर्छ्यौट गर्नु पर्ने लगायतका माग राखेका छन् ।

# मदन रुन्चेको गोदाममा प्रहरीको छापा

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा प्रहरीले वीरगञ्जका व्यापारी मदन रुन्चेको गोदाममा छापा मारेको छ । जिल्ला प्रहरी कार्यालय पर्साको क्राइम टोलीले बिहीबार आदर्शनगर स्थित कपडा गोदाममा छापामारी गरेको छ । वीरगञ्जमै लाइन चलान प्रसिद्धि पाएका तस्कर मदन गुप्ता 'रुन्चे'ले सञ्चालन गर्दै आएको जय माँ दुर्गा करियरको गोदामबाट छापा मारेर लाखौंको अबैध कपडा बरामद गरिएको प्रहरीले जनाएको छ ।

वीरगञ्जको आदर्शनगरको एक गोदाममा छापामारी गरी कपडा बरामद गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब



उपरीक्षक कुमार बिक्रम थापाले बताए । उनले बरामद गरिएको कपडा भन्सार पठाउने तयारी भइरहेको बताए । बरामद गरिएको कपडाको मुल्याकंनको एकिन अबेरै रातीसम्म मात्र आउने वताए । प्रहरीले बरामद गरेको १८ पोका कपडा लगभग २० लाख मूल्यको रहेको छ ।


## Lost of Document

I have lost Degree certificate (convocation) and all semesters (from 1st sem to 8th sem) Marksheet of Bachelor's in Mechanical Engineering, while traveling on the way from Bardibas to Ramgopalpur and got lost at Ramgopalpur Market (Bazar). If anyone finds the document please contact.

**Name:** Ranjeet Kumar Singh
**Degree:** Bachelor's in Mechanical Engineering
**Year:** 2014 to 2018
**Symbol No:** 1AJ14ME017
**Documents lost:** Convocation Certificate and all semesters (1st to 8th) Marksheet.
**College Name:** Adarsha Institute of Technological
**Affiliated to :** Visvesvaraya Technological University
**Contact No. :** 9864228751
**Address :**Ramgopalpur-06, Mahottari


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति । |
| बृष | : पारिवाहिक सुख । |
| मिथून | : धन वृद्धि सञ्चय । |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख । |
| सिंह | : सुख समृद्धि हुने । |
| कन्या | : भ्रमण अवसर हुने । |
| तुला | : अवसर प्राप्त । |
| बृश्चिक | : वाद विवादबाट बच्नु । |
| धनु | : पुरस्कार प्राप्त लाभ । |
| मकर | : नयाँ कार्य हुने । |
| कुम्भ | : बौद्धिक क्षमता । |
| मीन | : प्रतिभा सम्पन्नता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# पार्टी विपरीत गतिविधि गर्दा महतो र झा निष्काशितः महन्थ ठाकुर




**टुडे समाचारदाता**

जनकपुरधाम। लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले पार्टी विधान विपरीत गतिविधि गरेकाले राजेन्द्र महतो र अनिलकुमार झालाई निष्काशन गरिएको बताएका छन् ।

महोत्तरीको बर्दिबासमा सम्पन्न केन्द्रीय समितिको बैठकको निर्णय बारे जानकारी गराउन जनकपुरधाममा बिहीबार आयोजना गरिएको पत्रकार सम्मेलनमा अध्यक्ष ठाकुरले पार्टीका नेताहरु महतो र झाले पार्टी विधान विपरीत गतिविधि गर्दा निष्काशन गरिएको स्पष्ट पारे।

त्रुटिपूर्ण, अपुरो संविधान संशोधनको गर्नुपर्ने र मधेश आन्दोलनपछि गरिएको छानबिन तथा अनुगमन गरी न्यायाधीश गिरिश चन्द्र लालले सरकारलाई बुझाएको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने उनले बताए।

लोसपा नेपालको बैठकबाट भएको ९ बुँदे निर्णय सार्वजनिक गर्दै वरिष्ठ उपाध्यक्ष जितेन्द्र सोनलले भारतलाई विद्युत बिक्री गरेको निर्णयलाई लोसपाले स्वागत गरेको छ भने अर्को तर्फ बिआरआई सम्झौता गरेको भन्दै विरोध गरेको छ।

मधेश प्रदेश सरकारका पूर्वमन्त्रीसमेत रहेका वरिष्ठ उपाध्यक्ष सोनलले भने-‘ भारतसँग भएको विद्युत् व्यापार सम्झौता अन्तर्गत १० हजार मेगावाट विद्युत बिक्री गर्ने सहमति मुलुकको व्यापक हितमा भएको र यसले मुलुकको समृद्धिमा टेवा पुग्ने भएकोले यसलाई स्वागत गर्दछौँ । यसैगरि मुलुकको पूर्वाधार विकासमा भारतले सहयोग गर्दै आएको ५ करोडलाई बढाएर २० करोड रुपैयाँसम्मको सीमा तय गरिएको विषयलाई लोसपाले बैठकबाटै स्वागत गर्दछौ।’ उनले अघि थप्दैं भने-‘तर बिआरआई सम्झौता नेपालको हितमा नभएको पार्टीको ठहर रहेको छ।’

नेपाल-भारत सीमा व्यवस्थापन गर्ने नाममा आम नागरिकलाई दुखः दिने कार्य अविलम्व रोक्नु पर्ने लोसपाले माग गरेको छ।

आगामी दिनमा लोसपाले अविलम्ब जिल्ला-जिल्ला, पालिका र वडासम्म पार्टी पुनर्गठन गरी सुदृढीकरण अभियानलाई द्रुतगतिले अगाडि बढाइ आगामी ६ महिना भित्रमा विधान अधिवेशन र एक वर्षमा पार्टी महाधिवेशन गर्ने निर्णय गरेको छ।

दुई दिनसम्म महोत्तरीको बर्दिबासमा चलेको बैठकबाट गरिएको ९ बुँदे निर्णय सार्वजनिक गर्दै उनले आमाको नामबाट नागरिकता प्रदान गरी नागरिकता सम्बन्धी अन्य समस्याहरु तत्काल समाधान गर्न नेपाल सरकारसंग लोसपाले माग गरेको छ।

लोसपाले कृषिको उत्थानको लागि किसानहरुलाई समयमा मल उन्नत विउ विषादी मलमा उचित अनुदानको लागि सरकारसंग माग गरेको छ भने अनेक कठिनाइका बाबजुद किसानहरु ऋणमा डुबेर पनि उत्पादन गर्दै आएको प्रति ध्यानाकर्षण गर्दै लोसपाले निजी क्षेत्र र सरकारी क्षेत्रमा रहेका उद्योगहरुको वर्षौ सम्मका बाँकी भुक्तानी गर्न माग गरेको छ।

सो बैठकमा लोसपाको राजनीतिक अवधारणा सम्बन्धमा वरिष्ठ सह-अध्यक्षमा सर्वेन्द्रनाथ शुक्ला, अर्का वरिष्ठ उपाध्यक्ष जितेन्द्र सोनलले संगठन सुदृढीकरण सम्बन्धमा प्रतिवेदन प्रस्तुत गरेका थिए। त्यस्तै महासचिव परमेश्वर साहले विधान पुनरावलोकन अध्ययन तथा आवश्यक संशोधन सम्बन्धमा प्रतिवेदन पेश गरेका थिए। भने अर्का महासचिव विनोदकुमार सिंहले भातृ संगठन तथा विभागहरुको संख्या निर्धारण सम्बन्धमा प्रस्तुतकर्ता पार्टी उपाध्यक्षमा, राम प्रकाश चौधरी लेभी सम्बन्धमा प्रतिवेदन प्रस्तुत गरेका थिए।

## फरक फरक बुझाइ र मनोदशा

# हर्न प्लीज, ट्री गार्ड र सोसल डिसटेन्स


हिमांशु चौधरी



जीवन अन्ततः एउटा बिन्दु हो , बिन्दुबाट जति टाढा हुन खोज पनि त्यति नै नजिक आउने गर्दछ ।सत्तास्वादका सम्बन्धमा एउटा कथा सुनेको थिए- एक जना नेताको मगजको शल्यक्रिया हुँदै थियो। जटिल शल्यक्रिया भएकाकारण चिकित्सकले नेताको खोपडिबाट मगजलाई निकालेर मगजमा रहेको चोरी , बेइमानी , अपारदर्शिता , भ्रष्टाचार , व्यभिचार , अपराधलाई सफाई गर्ने कार्य गरिरहेका थिए , त्यही बेला एउटा कार्यकर्ताले नेतालाई प्रधानमन्त्रीमा नियुक्त भएको खबर सुनाए छन् । नेताले कार्यकर्ताबाट त्यो खबर सुनेकै क्षण शल्यक्रियालाई कुनै बास्ता नै नगरिकन त्यहाँबाट बाहिर निस्किन लागे। त्यो अवस्थालाई देखेर चिकित्सकले नेतालाई तपाई मगजलाई अलपत्र पारी कहाँ जाँदै हुनुहुन्छ भन्ने प्रश्न गरे । नेताले मलाई अब मगज चाहिदैन , म त प्रधानमन्त्री भइसके , मगज तपाई नै राख्नोस भन्दे जवाफ दिएका थिए।

मैलो भेल जताततै मगजमा बाढी चलेको बेला एक नेताको बुझाइ यस्तो पनि रहेको पाइन्छ । पञ्चायतकालमा जनकपुरधामका एक नेता शिक्षा सहायक मन्त्रीमा नियुक्त भए । तत्कालीन व्यवस्थाको विशिष्टताका आधारमा उनी अगुवा भएको शासकीय मूल्याकनले राजाबाट मन्त्री नियुक्त भएका थिए। मन्त्री आफूलाई लालबुझकर ठान्थे। भक्तिभाव र कुरा गर्न सिपालु मन्त्रीले एक दिन ट्रकको पछाडि लेखिएको हर्न प्लीज शब्दको प्रयोग कार्यक्रममा सहभागीहरुलाई स्वागत गर्दै आह्लादपूर्वक गर्न थाले। मन्त्री करबद्ध भइ हर्न प्लीज - प्लीज भन्दै गइरहेका थिए। मन्त्रीबाट हर्न प्लीज भन्दै स्वागत सत्कारले सहभागीहरु विस्मयमा थिए । सहभागीहरु होरी भएका कारणले हो कि मन्त्रीले हर्न प्लीज भन्दै स्वागत सत्कार गरिरहेका छन् कि :? प्रश्नहरुको ओइरोबीच एक जना सहभागीले मन्त्रीलाई सोधे छन् - हर्न प्लीज कस्तो स्वागत हो मन्त्री जी ? मन्त्रीले सगौरव जवाफ दिए - यसको अर्थ पनि थाहा छैन , कस्तो पढाइ लेखाइ छ तपाईको ? यसको अर्थ हो - स्वागतम् - स्वागतम्।

शिर झुकाएर बाँच्नु पनि के बाँच्नु , पीर लुकाएर बाँच्नु पनि के बाँच्नु। परिवर्तनको निहुँमा मौन भएको देख्दा सहमति र सहकार्यमा मिल्ने छातिहरु मासिँदै गइरहेका छन्। माटोमा होली खेल्दै सेतुहरु भत्किदै गइरहेका छन्। उल्टा- सुल्टा दृश्य आँखाले देख्नु दिनचर्या हुँदै गएको छ । आशा गलामा अडकेको छ। संघीयता थलामा परेको छ। उद्दण्डताले रजाइँ गरिहेको छ। यस्तोमा स्वामी विवेकानन्दको “ जसले तिम्रो मन , बुद्धि र शरीर लाई निर्बल गरिरहेको छ त्यसलाई विषका रुपमा लिइ त्याग्नु पर्दछ ” कथनको भावभूमिमा हामी कहाँ कतिपय यस्ता प्रसंग छन् जसले संघीयता , व्यवस्थाप्रति नै वितृष्णा उत्पन्न गरेका कारण संघीयता रुँदै आँशु बर्बर झार्दे गरेको अनुभूति भइरहेको छ। छ वर्ष अघि प्रदेशसभासद रामअशिष यादव प्रकृति , वातावरणीय संरक्षण सन्दर्भमा वातावरण ,वन , उद्योग मन्त्री समक्ष संरक्षणका लागि रोपिएका विरुवाको रक्षाका लागि ट्री गार्डको आवश्यकतामाथि ध्यानाकर्षण गराउँदा मन्त्री महापण्डित वक्ताझैं दिएको उपदेश मुर्दा जिएतुल्य जिन्दगानी लाग्छ। मन्त्रीको ट्री गार्ड बारेको बुझाइले सभासद यादवको मनमा अंकुराउन तत्पर भावना घर ने भत्केको थियो । मन्त्रीले सभासद यादवका टोलीलाई उपदेश दिदै भनेका थिए- हेर्नोस यो विरुवा अधिक महंगो छ , त्यसकारण सस्तो ट्री गार्ड रोप्ने कार्य गर्नोस , महंगो विरुवा रोपेर के हुन्छ ?

सजिलो र अप्ठ्यारोको सीमारेखा त्यसप्रतिको बुझाइ हो। सत्य , असत्य , साँचो झुट यी सबै कुराको सीमारेखा पनि बुझाइ हो । बाटो बिर्सिएर के भेटिन्छ ? एउटा लामो डोर पहाडतिर उक्लिएको ,एउटा पातलो गोरेटो खोलामा टुङ्गिएको , एउटा घांसे गल्ली अज्ञाततिर बिलाएको , एउटा साँघुरो खोंच जमीनतिर धस्सिएको , एउटा अर्के बाटो जीवनको , मात्राको। मलाई बाटो बिर्सिन मन छ र पुग्न




मन छ कुनै दुनियाँ , जहाँ आफूलाई चिन्ने , आफूबाहेक नभेटियोस्। राजनीति उपयोगिता मात्र हुँदेन ,त्यसले आमजनताको कुरा सुन्छ र उनीहरुलाई हेर्छ जस्ता पक्ष महत्वपूर्ण हुन्छ। एउटा कानले सुन्ने अर्काबाट उडाउने बेधर्मीका कारण राजनीतिका महत्वपूर्ण पक्ष मगन्तेझैं हुन पुगेको देखिएको छ । त्यसैले कुनै पनि व्यक्तिको मूल्यांकन उत्तर भन्दा पनि प्रश्नले गर्नु पर्दछ । तर्कको संसारमा गोता लगाउँदा आस्थाले उसलाई सहारा दिन्छ। वस्तुतः श्रद्धा बुद्धिको प्रतिद्वन्द्वी होइन ,मानवको विश्राम स्थल हो जहाँ असीम शान्ति अनुभूति हुन्छ।

आवश्यकता इच्छा र महत्वकांक्षाको उचाइ दिने क्रममा अगाडि बढ्दै गर्दा अहमता वा आडम्बरी भावनाले मनमा दरिलो स्थान ओगटेको अवस्थामा समान्यतः पढे लेखेका भन्दा मानवीय व्यक्तिलाई मन पराउँने गरिन्छ।। पढे लेखेका व्यक्ति मानवीय छैनन् भने उनलाई धूर्त भन्ने गरिएको छ। उद्देश्यपूर्ण योजना , दृढतापूर्ण तयारी , सकारात्मकता र लक्ष्य प्राप्तिका लागि निरन्तर प्रयास जीवन जिउने साँचोका रुपमा रहेको छ।आडम्बर र आशक्तिले झुट , विकृति , असन्तोष , चिन्ता र दुखलाई मात्र सहयोग पुऱ्याउँछ। आडम्बरी जीवन शैली र व्यवहार नकारात्मकको श्रेणीमा पर्ने गरे पनि राजनीति र पहुँचका आधारमा यथार्थलाई चुनौती दिने मनोभाव घातकी खेलमा सिद्धहस्त छन्। भनिन्छ - सोचाइ बिग्रिए जिब्रो बिगार्छ ,जिब्रो बिग्रिए बोली बिगार्छ , बोली बिग्रिए मन बिगार्छ , मन बिग्रिए सम्बन्ध बिगार्छ , सम्बन्ध बिग्रिए घर बिगार्छ , घर बिग्रिए जीवन बिगार्छ। जीवन बिताउनु थियो ,बित्यो ,राम्रो बित्यो कि नराम्रो , म त यस क्रमलाई पुरानो लुगा च्यात्नुझै मान्ने गर्छु , जीवन बिताउनु थियो त्यो बिते छ। प्रसङ्ग हो- कोरोना कालको । कोरोना भाइरसको संक्रमण काठमाण्डु लगायत मधेशमा पनि विस्तार हुँदै गइरहेको थियो।कोरोना भाइरसको संक्रमणबाट काल कवलित हुने अवस्थालाई दृष्टिगत गर्दै प्रदेश सरकारले सचेतनामूलक अभियान सञ्चालन गर्ने निधो गऱ्यो। सचेतनामूलक अभियान सञ्चालनका लागि सामाजिक विकास मन्त्रालयलाई अग्रसर गराइयो। सामाजिक विकास मन्त्री सचेतनामूलक अभियानको संरचनागत कार्यको शुभारम्भ गर्दे अभिव्यक्ति दिए - कोरोना भनेको सोसल डिसटेन्स हो। यो क्षणलाई सम्झिंदा उड्दा उड्दैको चरो फूत्त खस्यो आकाशबाट , चारो पर्खेका बचेराहरु पर्खिरहेझैं लाग्छ।

# घाँटी रेटी युवकको हत्या, दुई जना पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा एक युवकको हत्या भएको छ। जिल्लाको जनकनन्दनी गाउँपालिका- २ स्थित आँप बगैंचामा स्थानीय १८ वर्षीय कैफ नदाफको बिहीबार राति घाँटी रेटेर हत्या भएको जनाइएको छ। हत्या आरोपमा जिल्ला प्रहरी कार्यालय धनुषाले दुईजनालाई पक्राउ गरेको छ। बिहीबार राति साथीहरुसँग बियर खान गएको बेला मोबाइलमा भिडियो हेर्ने विषयमा भएको विवादको क्रममा नदाफको दुईजना साथीले घाँटीको चिउँडो छुराले रेटेर हत्या गरेको धनुषा प्रहरीका प्रहरी नायब उपरीक्षक रञ्जन अवाले बताए।

छुराले घाँटी रेटेर गम्भीर घाइते नदाफलाई उपचारको क्रममा भारत लगिएपछि उपचारको क्रममा बिहीबार राति नै मृत्यु भएको उनले बताए। शव घर ल्याए पछि परिवारजनले प्रहरीलाई खबर गरेका थिए।

हत्या अभियोगमा स्थानीय ३० वर्षीय सहमत नदाफ र २२ वर्षीय जाकिस नदाफलाई पक्राउ गरेको उनले बताए।

# किराना र पान पसलबाट भइरहेको मदिराको बिक्री वितरण रोकिदिन माग

**टुडे समाचारदाता**

मलंगवा। होटल तथा पर्यटन व्यवसायी संघ सर्लाहीले अनुमति नलिई किराना र पान पसलबाट भइरहेको मदिराको बिक्री वितरण रोक्न माग गरेको छ।

संघले बिहीबार प्रमुख जिल्ला अधिकारी (सीडीओ) कोमलप्रसाद धमलालाई ज्ञापन पत्र बुझाउँदै किराना पसल र पान पसलहरुमा खुलेयाम भइरहेको मदिराजन्य पदार्थको व्यापार नियन्त्रण गरिदिन माग गरेको हो । त्यस्ता अनुमती नै नलिएका पसलले मदिराको बिक्री गर्ने र विभिन्न घटना दुर्घटना हुँदा कानुनी हिसाबले संचालित होटल तथा पर्यटन व्यवसायीमाथि कडाइ गर्न ज्ञापन पत्रमा उल्लेख छ।



संघका जिल्ला अध्यक्ष राजेशकुमार शर्मा र महासचिव सन्तोष कुमार दासले हस्ताक्षर गरी बुझाएको ज्ञापन पत्रमा मदिराको खुलेयाम बिक्री वितरण रोकी आउँदै गरेको चाडपर्वलाई मर्यादित र शान्तिपूर्वक मनाउन पाउने वातावरण बनाउन पहल गरिदिन आग्रह गरिएको छ।

त्यस्तै ज्ञापन पत्रमा हाल जिल्लाका विभिन्न स्थानहरुमा होटल संचालन गर्न दिइएको समय एक घण्टा थप गरी संचालन गर्न पाउने गरी सहजीकरण गरिदिन पनि ज्ञापन पत्रमार्फत प्रमुख जिल्ला अधिकारीसँग आग्रह गरिएको छ। जिल्लाका होटलहरु अहिले राति ९ बजेसम्म खुल्ने गरेका छन्।

व्यवसायीले राति १० बजेसम्म होटल खोल्ने समय मिलाइदिन माग गरेका छन्। ज्ञापन पत्र बुझाउन होटल तथा पर्यटन व्यवसायी संघका पदाधिकारी सदरमुकाम मलंगवास्थित जिल्ला प्रशासन कार्यालय पुगेका थिए।

# जनकपुरका ८३ विद्यार्थीद्वारा रक्तदान

**टुडे समाचारदाता**

जनकपुरधाम।जनकपुरधामका ८३ जना विद्यार्थीहरुले रक्तदान गरेका छन् । मोडेल मल्टिपल कलेज जनकपुरधाममा अध्ययनरत विद्यार्थीहरुले रक्तदान गरेको जनाइएको छ।




बिहीबार मोडेल मल्टिपल कलेज जनकपुरधामको आयोजना तथा ब्लड फर नेपालको सह-आयोजनामा जनकपुरधाम उपमहानगरपालिका -४ स्थित क्यापसको प्राङ्गणमा रक्तदान कार्यक्रमको आयोजना गरिएको कार्यक्रमका संयोजक संजय साहले जानकारी दिए । उनका अनुसार कलेजमा “ब्लड फर नेपालले रक्तदान सम्बन्धी जनचेतना मुलक कार्यक्रम लिएर आएका थिए । सहभागी विद्यार्थीहरुलाई रक्तदान सचेतना सम्बन्धी कार्यक्रमले पक्कै प्रभावित पारेकाले ८३ जनाले रक्तदान गरेको उनले बताए । जनकपुरधाममै पहिलो पटक यति धेरै विद्यार्थीहरुले सामूहिक रुपमा रक्तदान गरेको उनले बताए।

‘रक्तदान जीवनदान’ भन्ने मूल नारालाई सार्थक बनाउन तथा रगत अभावका कारण विरामीहरुको अकाल मृत्यु नहोस् भन्ने उद्देश्यका साथ रक्तदान कार्यक्रमको आयोजना गरिएको र आगामी दिनमा प्रतेक वर्ष स्नातक चौथो वर्षको विदाइ गर्नु भन्दा अगाडि हाम्रो कलेजले रक्तदान कार्यक्रम राख्ने मोडेल मल्टिपल कलेजका संस्थापक वीरेन्द्र साहले बताए।


नेपाल रेडक्रस सोसाइटीको प्राविधिक सहयोग रहेको उक्त कार्यक्रममा ब्लड फर नेपालबाट विकास साह, सोनाली साह, अमित यादवले सहजीकरण गरेका थिए।

ब्लड फर नेपाल विगत लामो समयदेखि रगतको विषयमा काम गरिरहेको र विद्यालय-विद्यालयमा रगत को विषय, रगतको महत्व र रगत बारे विद्यमान समस्याहरु बारे जानकारी गराउदै जनचेतनामूलक कार्यक्रमहरु गर्दै आएको छ । रगतको आपूर्ति हुन नदिन र रगत अभावका कारण कुनै पनि व्यक्तिले ज्यान नगुमाउनु परोस् भनेर देशका विभिन्न ठाउँहरूमा ब्लड फर नेपालले समूह बनाएर काम गर्दै आएको छ। उक्त कार्यक्रमले विद्यार्थीहरुमा सकरात्मक परिवर्तन देखिन थालेको ब्लड फर नेपाल धनुषाका संयोजक भवानीप्रसाद साह बताउँछन्।

**नेपाल राष्ट्र बैंक**
**जनकपुर कार्यालय**
**सूचना**
**श्याम कृष्ण मनिचेञ्जर प्रा.लि.को कारोबार बन्द गर्ने सम्बन्धमा**
प्रकाशित मिति : २०८०/१२/०९
श्याम कृष्ण मनिचेञ्जर प्रा.लि जनकपुर उप-महानगरपालिका वडा नं. ०४, धनुषाले मनिचेञ्जर सम्बन्धी कारोबार गर्न इजाजतपत्र रद्द गरिपाउँ भनी पेश गरेको निवेदनउपर आवश्यक कारवाही भई मनिचेञ्जर कारोवार बन्द गर्ने सिलसिलामा उक्त मनिचेञ्जरसँग कुनै व्यक्ति वा संस्थाको लेनदेन रकम बाँकी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र यस कार्यालयमा लिखित रुपमा जानकारी दिनुहुन अनुरोध छ। तोकिएको म्यादभित्र लिखित जानकारी प्राप्त हुन नआएमा यस मनिचेञ्जर सम्बन्धी कारोवार गर्ने इजाजतपत्र रद्द गरी धरौटी/बैंक ग्यारेन्टी फुकुवा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**श्री मोहन माध्यमिक (०-१२) विद्यालय सुगानिकास**
**हँसपुर नगरपालिका-५**
**धनुषा, मधेश प्रदेश, नेपाल**
**शिक्षक आवश्यकता सम्बन्धी सूचना**
दोश्रो पटक प्रकाशित मिति : २०८०/१२/०९
हँसपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय बघचौडाको च.नं. १३५७ मिति २०८०/०९/०२ गतेको प्राप्त पत्रानुसार यस विद्यालयको माध्यमिक तहमा कायम गरिएको संघीय शिक्षण सहयोग अनुदान कोटामा विज्ञान विषयको करार शिक्षक पदपुर्ति गर्न यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८०/१२/०७ गतेको निर्णयानुसार तपसिल अनुसारका शिक्षक पदपुर्ती गर्नुपर्ने हुँदा इच्छुक नेपाली नागरिकवाट यो सूचना प्रकाशन भएको मितिदेखि ७ (सात) दिन भित्र रीतपूर्पक निवेदन सहित तपसिल बमोजिमको दरखास्तको लागि आह्वान गरिन्छ।
तपसिल
- **विज्ञापन नं.** :- २/२०८०/०८१
- **पद** :- माध्यमिक शिक्षक
- **विषय** :- विज्ञान
- **पद संख्या** :- १ (एक)
- **नागरिकता** :- नेपाली
- **तह/श्रेणी** :- माध्यमिक/तृतीय
- **शैक्षिक योग्यता** :- मूल विषय विज्ञानमा बी.एस्सी. वा सो सरहको परीक्षा उत्तीर्ण गरी अध्यापन अनुमति पत्र प्राप्त गरेको
- **नियुक्तिको किसिम** :- करार
- **म्याद** :- संघीय सरकारले अनुदान दिएसम्म
- **उमेर** :- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
- **दस्तुर** :- रु.१,५००।- (एक हजार पाँच सय रुपैयाँ) मात्र (एनएमबि बैंक हँसपुर शाखाको चल्ती हिसाब नं. ११७००८१९८७१०००११ मा जम्मा गरी संक्कल भौचर पेश गर्नु पर्ने)
- **तलब सुबिधा** :- नेपाल सरकारले तोकेको आधारमा
- **परीक्षाको किसिम** :- शिक्षक सेवा आयोगले तोकेको अनुसार
- **संलग्न गर्नु पर्ने आवश्यक कागजातहरू** :-
  १. नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी थान १
  २. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी थान १
  ३. माध्यमिक तहको अध्ययापन अनुमति पत्रको प्रमाणित प्रतिलिपी थान १
  ४. हस्तलिखित निवेदन थान १
  ५. बैंक भौचरको सक्कल प्रति थान १
- **दरखास्त दिने मिति** :- २०८०/१२/०९ देखी २०८०/१२/१५ गते सम्म (अन्तिम दिन विदा परेमा त्यसको भोली पल्ट कार्यालयको समय भित्र)
- **आवेदन दिने स्थान** :- सम्वन्धित विद्यालय
- **सम्पर्क मिति** :- २०८०/१२/१८ गते आइतबार
- **परीक्षाको समय** :- सम्पर्क मितिको दिन तोक्ने छ
- **सम्पर्क नं.** :- ९८४४१२५१५६ र ९८०४८६९१७७

**पुनश्च** :- शिक्षक सेवा आयोगको करार सुचीमा रहेको उम्मेदवारलाई ग्राहयता दिइनेछ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

## सुराकीको नाममा भ्रष्टाचार

मधेश प्रदेशसित प्रहरी, प्रशासन छैन् । त्यसकारण गृहमन्त्री, गृहराज्यमन्त्री र गृह सचिवले नै सुराकी गर्दै आएका छन् । मधेश प्रदेशमा गृहमन्त्रालयबाट मन्त्री, राज्यमन्त्री र सचिवले वार्षिक लाखौं रुपैयाँ सुराकीको नाममा लिने गरेका छन् । उनीहरुले लिने सुराकीको रकम व्यक्ति आय नै हो । सुराकीको नाममा लाखौं खर्च गर्ने तर त्यसको प्रतिफल शून्य नै देखिन्छ । सुराकी प्रहरी प्रशासनका लागि गरिन्छ । सुराकीले देश वा प्रदेशको अति संवेदनशील विषयमा सूचना संकलन गरी उच्च प्रहरी अधिकारीहरु सम्म पुर्‍याउने हो । तर, प्रहरी प्रशासन नै नभएको प्रदेशमा महिनामा लाखौं खर्च गरी कहा, के विषयमा प्रदेशलाई क्षति हुन सक्छ अथवा राष्ट्र र राष्ट्रियता उपर कुनै हानीनोक्सानी हुन सक्ने सम्भावना रहेको बुझिए पनि गोप्य रुपमा सुरक्षा अधिकारीहरुलाई दिने काम सुराकीले गर्छन् । तर प्रदेश सरकारसँग प्रहरी, प्रशासन नरहेकाले सुराकी गर्नु र गराउनुको कुनै औचित्य छैन् । तर झण्डै सात वर्षदेखि सुराकीको नाममा मधेश प्रदेशका गृह मन्त्री, राज्यमन्त्री र सचिवले लाखौ रकम झ्वाम्म पारेका छन् । उनीहरुले गरेको अथवा गराएको सुराकीको सूचनाहरु कहाँ कुन निकायलाई दिएको हो ? त्यसको सार्वजनिकीकरण गर्न आवश्यक छ । राज्यको ढुकुटी रित्याउन एउटा कार्यविधि बनाएर मात्र हुँदैन् । कामको औचित्य र आवश्यकता पुष्टि हुनुपर्छ । मधेश प्रदेशका पहिलो गृहमन्त्रीले नै ५४ लाख रुपैयाँ सुराकी बापत लिएका छन् । सुराकी बापत रकम बुझ्न उनीहरुले अन्य काम भन्दा त्यसलाई नै प्राथमिकता दिएको देखिन्छ । अन्य कयौं अत्यन्त महत्वपूर्ण कार्यविधि बनाउनु पर्नेमा सरकारले त्यस तर्फ चासो देखाएको छैन् । तर सुराकीको नाममा रकम हजम गर्न कार्यविधि बनाएका छन् । कार्यविधि बनाएर रकम झिकिएकाले कानुनी झण्झटबाट मुक्त हुने मन्त्री र सचिवको एकहोरो सहमति छ । वर्तमान गृहमन्त्री सरोजकुमार यादवले सुराकीको नाममा मन्त्रालयबाट रकम नलिने र लिन पनि नदिन कार्यविधि नै खारेजीको निर्णय गरिसकेका छन् । यादवले पहिलो निर्णय नै सुराकीको सुबिधा कटौती गर्ने गरेका छन् । कार्यविधि खारेज गर्ने निर्णय गरे पनि त्यसलाई मन्त्रिपरिषद् बाट पारित गराउनु पर्ने हुन्छ । मधेश प्रदेशमा युवा नेता यादव मन्त्री भएपछि पहिलो निर्णय नै अत्यन्त लोकप्रिय गरेका छन् । भविष्यमा पनि यस्ता कार्यहरुलाई निरन्तरता दिनु हुने विश्वास गर्न सकिन्छ । यसको कार्यान्वयन पनि गराउन सक्नु पर्छ । सरकारले यसलाई प्राथमिकतामा राखेर काम गर्नु पर्छ ।

# बजेट निर्माण चक्रका आधारभूत विषय



नेत्र सुवेदी 'प्रयास'

सार्वजनिक क्षेत्रमा वित्तीय जवाफदेहीताको माध्यम मात्र होइन कि बजेट निर्माण आम सरोकारको विषय पनि हो । त्यसो त बजेट भनेको एउटा समग्र प्रक्रियाको छोटकरी नाम मात्र हो । संविधानमै व्यवस्था गरेअनुसार राजस्व र व्ययको अनुमान गर्ने र संसद्को संयुक्त बैठकमा अर्थमन्त्रीले पेस गर्नुभन्दा अगाडि लामो प्रक्रिया पूरा गरेर मात्र बजेट तयारी हुने गर्दछ । बजेट निर्माणका चरणहरु र वित्तीय उत्तरदायित्व बहन गर्ने क्रममा विभिन्न निकाय र पदाधिकारीलाई निर्धारण भएको जिम्मेवारीका साथै परियोजना तयारी र बजेटको अनुमान सम्बन्धमा खासगरी आयोजना व्यवस्थापन र बजेट चक्रमा हाल देखिएका सवालहरुमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट गत कात्तिकमा उपलब्ध गराइएको २२ बुँदे सुझावमा आधारित भएर यो आलेखमा चर्चा गरिएको छ ।

**सुझावमा के छ ?**

आय र व्ययको अनुमानको प्रारम्भ राष्ट्रिय योजना आयोगले तत्काल लागू रहेको आवधिक योजनाको आधारमा हरेक वर्ष आगामी आर्थिक वर्ष र त्यसपछिका दुई वर्ष गरी तीन वर्षको आय र व्ययको अनुमान समेट्ने मध्यकालीन खर्च संरचनाको खाका तयार गर्नुपर्दछ । त्यस्तै प्रत्येक मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा कार्यक्रमका आधारमा तीन वर्ष अवधिको आम्दानी र खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार पारी राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा बुझाउनुपर्दछ । यसरी मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्दा आगामी तीन वर्ष अवधिको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजाको खाकाको साथै प्रस्तावित आयोजना तथा कार्यक्रमको क्रियाकलापगत रुपमा प्रति इकाई लागत तथा सम्पन्न गर्न लाग्ने समयका साथै कार्यान्वयनबाट प्राप्त हुने प्रतिफल समेत खुलाई प्रत्येक आयोजना तथा कार्यक्रमको प्राथमिकता समेत खुलाउनुपर्ने व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६ ले गरेको छ ।

आयोजना व्यवस्थापनलाई व्यवस्थित, परिणाममुखी र अनुशासित बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियममा व्यवस्था भएका विषयलाई नै पहिलो बुँदाको सातवटा खण्डमा सुझाव समेटिइएको देखिन्छ । पहिलो, तिनै तहका सरकारले आयोजना बैंक, तीन वर्ष अवधिको मध्यमकालीन खर्च संरचनाको प्रयोग गर्नुको साथै यिनलाई मन्त्रालयगत बजेट सूचना प्रणाली (सङ्घ र प्रदेश) र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबीच अन्तरआवद्धता कायम गर्न भनिएको छ ।

दोस्रो, राष्ट्रिय योजना आयोगले निकायगत बजेट सिलिङ्ग उपलब्ध गराउनुपूर्व तत्तत् निकायसँग तयारी पूरा भएका आयोजनाको विवरण माग गरी जिम्मेवार पदाधिकारीलाई बोलाई चरणवद्धरुप छलफल गर्ने भनिएको र सो अनुसार यो वर्ष राष्ट्रिय योजना आयोगको टीमले काम गरिरहेको बुझिएको छ । तेस्रो, तीन तहले सञ्चालन गर्ने आयोजना वर्गीकरणको वस्तुगत मापदण्ड बनाई सो मापदण्डले तोकेअनुसारका प्रकृति र लागत सीमाभित्रका आयोजना मात्र आयोजना बैंकमा प्रविष्ट हुने र सो सीमाभित्र रही आयोजना बैंकमा प्रविष्ट नभएका आयोजनामा बजेट विनियोजन नहुने व्यवस्था गर्न भनिएको छ ।

चौथो, आयोजना बैंकमा प्रविष्ट गर्नुअघि आयोजनाको विस्तृत अध्ययन गराई आर्थिक, वित्तीय, प्राविधक र वातावरणीय दृष्टिले उपयुक्त देखिएका र जग्गा प्राप्ति, वन क्षेत्रको उपयोग, रुख कटान, आईई/इआईएका लागि कानुनी प्रकृया पूरा भएका आयोजना मात्र समावेश गर्नुपर्ने, पाँचौ, मन्त्रालय र निकायहरुले बजेट तर्जुमा गर्दा प्राप्त सिलिङ्गभित्र रही आयोजना बैंकबाट छनोट र प्राथमिकीकरण भई मध्यमकालीन खर्च संरचना व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक भएका आयोजनाहरुमा मात्र प्राथमिकताका आधारमा बजेट प्रस्ताव गर्नुपर्ने र राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा हुने बजेट छलफलमा मन्त्रालय र निकायको अधिकारप्राप्त अधिकारीबाट निर्णय गराएर मात्र मन्त्रालयगत बजेट सूचना प्रणालीमा अन्तिम प्रविष्ट गर्ने भनिएको छ । सातौं अर्थात अन्तिम खण्डमा उल्लेखित प्रावधान विपरीत बजेट प्रकृया अगाडि वढाउनु भनेको कानुन विपरित हुने र त्यस्तो कार्यका लागि सम्बन्धित अधिकारी जिम्मेवार हुने हुँदा त्यस्तो कार्य नगर्ने, नगराउने भनी ध्यानाकर्षण गराइएको छ ।

> बजेट राख्दा धेरै नै महत्वाकाङ्क्षी हुने तर उपलव्ध न्युन हुने सन्दर्भमा आयोजनाको तयारीसँगै बजेटको तयारी गर्ने र तीन तहका सरकारबीच सूचना आदानप्रदानलाई चुस्त बनाउँदै बजेट तयारी र कार्यान्वयनलाई प्राथमिकताको विषय एवं सबैको चासो र सरोकारको विषय वनाउन आवश्यक देखिन्छ ।

अख्तियारले उपलव्ध गराएका बुँदा दुईदेखि २२ सम्म समेटेका सुझावहरुको संक्षेपीकृत विषयवस्तु र सन्देशका सम्बन्धमा उल्लेख गर्नुपर्दा आर्थिक वर्षको बीचमा कार्यकारी निर्णयबाट बजेटमा समावेश गरी कार्यान्वयनमा लैजानु संविधान र कानुनको मर्मविपरित हुने र अख्तियारको समेत दुरुपयोग हुने हुँदा तीनै तहले यस्तो प्रवृत्तिको अन्त्य गर्ने भनिएको छ भने समपूरक/विशेष अनुदानका आयोजना प्रस्ताव गर्दा आवश्यकता र औचित्य पुष्टी हुने गरी कानुनतः जिम्मेवार पदाधिकारीबाट निर्णय गरी आवश्यक कागजातसहित मात्र आयोजना बैंकमा प्रविष्ट गर्नुपर्ने र विवरण फरक पर्न गएमा प्रस्तावक, सिफारिसकर्ता र निर्णयकर्ता जिम्मेवार हुने बताइएको छ । त्यसैगरी बजेट तर्जुमाकै चरणमा पर्याप्त ध्यान पुर्याई रकमान्तर गर्नुपर्ने अवस्था आउन नदिने र सार्वजनिक स्रोतको उपयोगिता र प्रतिफलका दृष्टिले रकमान्तर गर्न औचित्यपूर्ण ठहर भएमा मात्र दोस्रो र तेस्रो चौमासिकमा मात्र गर्न सक्ने गरी मापदण्ड बनाई कार्यान्वयनमा ल्याउने भनिएको छ ।

बहुवर्षीय आयोजना सम्बन्धमा वस्तुगत मापदण्ड बनाई प्रयोगमा ल्याउने र आवश्यकता र औचित्यका आधारमा मात्र बहुवर्षीय आयोजनामा स्रोत सहमति दिने व्यवस्था गर्न लेखिएको छ । स्वीकृत वार्षिक खरिद योजना अनुसार समयमै खरिद गर्ने र खरिद सम्झौताबमोजिमको कामको गुणस्तर अनुगमन गरी कार्यसम्पन्न भएपश्चात् भुक्तानी दिनुपर्नेमा नयाँ आर्थिक वर्षमा दायित्व सार्ने कार्य कानुनविपरित हुने र सम्बन्धित अधिकारीले जिम्मेवारी लिनुपर्ने हुँदा कानुनको प्रतिकूल हुने गरी यस्तो कार्य नगर्ने, नगराउने भनिएको छ । त्यसैगरी सङ्घ, प्रदेश र स्थानीय तहले बजेट तर्जुमा गर्दा आयोजना र कार्यक्रमको तल्लो सीमा कायम गरी बजेट तथा कार्यक्रम कार्यान्वयनमा अनुशासन कायम गर्ने सुझाव छ ।

योजना छनोट, बजेट तर्जुमा र कार्यान्वयनका हरेक चरणमा प्रशासनिक र राजनैतिक नेतृत्वले सामूहिक जिम्मेवारी र जवाफदेहिता निर्वाह गर्नुपर्ने विषय महत्वपूर्ण छ भने र सार्वजनिक खरिद कार्यको सूचना आह्वान गर्नुपूर्व अनिवार्यरुपमा निर्माणस्थल वा खरिद गर्न चाहेको सेवाको विषयमा तयारीको अवस्था यकिन गरेर मात्र खरिद कार्य प्रारम्भ गर्ने । यकिन गर्नका लागि आवश्यक परेमा सम्वन्धित विषयका विज्ञ/कर्मचारी खटाई निजले पेस गरेको प्रतिवेदनको आधारमा मात्र खरिद कार्य अगाडि बढाउने भनिएको छ । त्यस्तै तीनै तहका सरकारले बजेट स्वीकृतिको चरणमा ठूलो रकम अवण्डामा राख्ने र बजेट कार्यान्वयनका चरणमा विना तयारीका र प्रतिफल वेगरका आयोजना प्रविष्ट गर्ने तथा वजेट छर्ने प्रवृत्तिलाई अन्त्य गर्ने भनिएको छ भने यो विषयका सम्बन्धमा उजुरी परेमा अख्तियारले गम्भीरतापूर्वक लिई अनुसन्धान गर्ने समेत भनिएको छ ।

तीनै तहका सरकारले नीति कार्यक्रम र वजेट तयार गर्दा दोहोरोपना नहुने गरी तयार गर्ने र कार्यान्वयनमा समन्वय र सहकार्य गर्दै विनियोजित स्रोतको कुशल परिचालन गर्ने सुझावका साथै बजेट तर्जुमा गर्दा राष्ट्रिय योजना आयोगले उपलब्ध गराएको सिलिङ्ग र बजेट तर्जुमा दिग्दर्शन, प्रचलित कानुन र प्रस्तावित कार्यक्रमको औचित्य र उपलब्धिलाई समेत ध्यान दिई बजेट प्रस्ताव गर्ने, एक आर्थिक वर्षभन्दा बढी समय लाग्ने आयोजनाको हकमा बहुवर्षीय खरिद योजना र वार्षिक खरिद योजना बनाई आयोजना बैंकमा प्रविष्ट गरी सोही अनुसार स्रोतको सुनिश्चित भएपश्चात मात्र खरिद कार्य अगाडि बढाउने भनिएको छ । यस विपरीत गरी राज्यलाई हानी नोक्सानी हुन गएमा अनुसन्धानको विषय हुने, बजेट कार्यान्वयन कार्ययोजना बनाई कार्यान्वयन गर्ने, खरिद चक्रका कार्य समयमै अगाडि बढाउने समेत सुझावमा परेको छ ।

मन्त्रालयस्तरको निर्णयबाट कार्यविधि बनाई कोष स्थापना गर्ने, सङ्गठन संरचना र दरवन्दी थप गर्ने तथा स्थानीय तहमा योजना आयोग गठन गर्ने, कर्मचारी तथा पदाधिकारीको सेवा शर्त सुविधा तोक्ने, निजी सचिव र सल्लाहकार जस्ता पद सिर्जना गर्नेलगायतका सारभूत विषयहरु समावेश गरी व्ययभार थप्ने कार्य कानुनविपरित हुनुको साथै सार्वजनिक कोषको अपव्यय हुने हादा उक्त कार्य तत्काल रोक्ने भनिएको छ । राष्ट्रिय योजना आयोगको नेतृत्वमा सरकारको अधिकार क्षेत्र, आयोजनाको प्रकृति र लागतको आधारमा तीन तहबाट कार्यान्वयन हुने आयोजनाको वर्गीकरण गरी आयोजना कार्यान्वयनमा प्रभावकारिता वृद्धि गर्ने तथा राष्ट्रिय गौरवका र उच्च प्राथमिकतामा रहेका रणनीतिक आयोजनामा मात्र बहुवर्षीय स्वीकृति दिने गरी मापदण्ड तर्जुमा गर्ने विषय परेको छ । वहुवर्षीय आयोजना छनोट गर्दा नेपाल सरकारबाट स्वीकृत मापदण्डबमोजिम बाहेक नगर्ने र बहुवर्षीय आयोजनामा स्रोत सुनिश्चित गर्दा हालसम्म कार्यान्वयनमा रहेका आयोजनाको स्रोत व्यवस्थापनको निधो नगरी थप वहुवर्षीय आयोजनाको स्रोत सुनिश्चत नगर्ने भनिएको छ ।

त्यस्तै अर्थ मन्त्रालयले हालसम्म स्वीकृत दिएका तर कार्यप्रारम्भ नभएका बहुवर्षीय आयोजनाको पुनरावलोकन गरी जिल्लागत विवरण वेवसाइटमार्फत सार्वजनिक गरी सार्वजनिक स्रोतमा रहेको नागरिक चासो सम्बोधन गर्ने भनेर नागरिकको पक्षबाट समेत सुझावमा समेटिएको छ । त्यस्तै राष्ट्रिय गौरवका आयोजना, दीर्घकालीन महत्वका रणनीतिक आयोजना र क्रमागत आयोजना बाहेकका आयोजना नेपाल सरकारले कार्यान्वयन नगर्ने नीति लिने र ठेक्का व्यवस्थापनमा रहेका समस्या समाधान गर्न निश्चित समयसम्म ठेक्का नलगाएमा स्वतः अर्थ मन्त्रालयमा बजेट समर्पण हुने पद्धति विकास गर्ने । मोविलाइजेसन पेश्कीमा रहेको विकृति रोक्न यसको विधि र पद्धति कार्य सम्पादनमुखी बनाउने गरी सुधार गर्ने, तीनै तहका सरकारले लागतमैत्री, प्रतिफलयुक्त र लाभग्राहीको जीवनस्तर उकास्ने प्रकृतिको आयोजना/कार्यक्रम स्वीकृत मापदण्ड/निर्देशिका/कार्यविधिबमोजिम मात्र छनोट तथा कार्यान्वयन गर्ने विषय समेत परेको छ ।

अत्यधिक संख्या र लागतका आयोजना/कार्यक्रममा स्रोत सुनिश्चितता दिँदा राज्यलाई दीर्घकालीन रुपमा असिमित दायित्व सिर्जना हुने हुँदा त्यस्तो स्रोत सुनिश्चितको निश्चित सीमा तोक्नुपर्ने विषय आयोगको सुझावमा परेको छ । मन्त्रालय र केन्द्रीय निकायका साथै प्रदेश सरकार र स्थानीय तहलाई समेत वित्तीय सुशासन कायम गर्न यी सुझावहरुको हुबहु कार्यान्वयन र पालना सहयोगी हुने देखिन्छ । योबाहेक पनि बजेट कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनको काम सम्बन्धित मन्त्रालय तथा निकायका सचिवले मासिकरुपमा गरी प्रतिवेदन गर्नुपर्ने र मन्त्रीले हरेक तीन महिनामा अनुगमन मूल्याङ्कन गरी कुनै समस्या भए समाधानको पहल गर्नुपर्ने कानुनी व्यवस्था रहेबाट अनुगमन मूल्याङ्कनको कार्यलाई महत्वका साथ हेर्नुपर्ने देखिन्छ ।

**निस्कर्ष**

बजेट आफैँमा सार्वजनिक सम्पत्ति हो । कुन मन्त्रालयले के कस्तो बजेट कार्यान्वयनमा ल्याएको छ र कार्यान्वयनको कुन चरणमा छ भन्ने विषय मिडिया एवं सर्वसाधारण नागरिकले समेत जानकारी पाउने हक राख्दछन् । बजेट राख्दा धेरै नै महत्वाकाङ्क्षी हुने तर उपलव्ध न्युन हुने सन्दर्भमा आयोजनाको तयारीसँगै बजेटको तयारी गर्ने र तीन तहका सरकारबीच सूचना आदानप्रदानलाई चुस्त बनाउँदै बजेट तयारी र कार्यान्वयनलाई प्राथमिकताको विषय एवं सबैको चासो र सरोकारको विषय वनाउन आवश्यक देखिन्छ । अव बन्ने बजेटमा यसअघि रहे भएका जथाभावीपन नदोहोरिने अपेक्षा गरौँ । (लेखक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव एवं प्रवक्ता हुनुहुन्छ)

# विदेश जाने युवालाई रोक्न नेपालमै पार्ट टाइम जब



सोबिता गौतम

पछिल्लो तथ्यांकले नेपालमा युवाको जनसंख्या ४२-४५ प्रतिशतको हाराहारीमा रहेको देखिन्छ। यो जनशक्ति कामको खोजी लगायत विभिन्न बहानामा प्रत्येक दिन विदेशिने गरेको देखिन्छ।यसको दुष्प्रभाव विस्तारै समाजमा देखिन थालिसकेको छ। व्यवसाय सुक्दै गैरहेको छ। बजार सुक्नुका अनगिन्ती कारण हुनसक्छन् तर तीमध्ये एक कारण उपभोग्य जनशक्ति विदेशिनु पनि हो। यस्तो प्रवृत्तिले बजारले उपभोक्ता पाउन सकेको छैन।

देशमा अडिएका युवाहरू पनि धेरै बेरोजगारै बस्न बाध्य छन्। उनीहरूसँग भलाकुसारी गर्ने हो भने सबै विदेशिने तयारी गरिरहेको भान हुन्छ। यही गतिमा नेपालको अर्थतन्त्र अगाडि बढ्ने हो भने अगाडिका दिनहरू झन् असहज रहनेछन्।

त्यसो त नेपालमा उद्यम गर्ने चाहना भएका युवा नभएका पनि होइनन् तर उद्यम गर्नेहरूको लागि भनेर पाइने विशेष सहुलियतमा सबैको पहुँच छैन भने बजार अत्यधिक महँगो हुनाले उद्यमीलाई व्यवसाय चलाउनै मुस्किल छ। यस्तो जटिल परिस्थितिमा गाँठो फुकाउने नीति बन्न सक्छ अंशकालीन रोजगारी नीति (पार्ट टाइम जब पोलिसी)।

अहिले नेपालको अनौपचारिक क्षेत्रको हिस्सा लगभग ६२ प्रतिशत रहेको अनुमान छ। यो क्षेत्रलाई औपचारिक रूपमा देशको अर्थव्यवस्थासँग जोड्न सके देशको अर्थतन्त्रको आकार पनि अलि फराकिलो हुनेथियो। भारतमा नीति आयोगको प्रतिवेदन अनुसार सन् २०३० सम्ममा २ करोड ३५ लाख मानिस अनौपचारिक क्षेत्रमा हुने अनुमान गरी 'गिग इकोनोमी पोलिसी' लागू गरिंदैछ। अब नेपालमा पनि छिटोभन्दा छिटो अनौपचारिक क्षेत्रलाई राष्ट्रिय आर्थिक प्रणालीमा जोड्ने अनि पार्ट टाइम जब लागू गर्ने गरी नीति लिनु आवश्यक छ।

युवाहरू आर्थिक हिसाबले आत्मनिर्भर हुन चाहन्छन्। तर अहिले बुवा-आमासँग निर्भर हुनुपर्ने, बुवाआमा सम्पन्न नभए पढाइ नै छोडेर काम गर्न जानुपर्ने र धेरै जस्तो व्यावसायिक संस्थाले त सरकारले तोकेको न्यूनतम तलबसम्म पनि नदिने अवस्था छायस्तो अवस्थामा नेपालमा युवाको लागि पार्ट टाइम कामको नीति हुने हो भने युवाहरू पढाइसँगै काम पनि गरेर आफैं आत्मनिर्भर हुनसक्ने थिए। बिहान क्याम्पस पढे दिउँसोको समय ५/६ घन्टा नै काम गर्न र दिउँसोमा पढाइ भए बिहान-बेलुका गरेर ४/५ घन्टा काम गर्न सक्छन्।

अहिले आर्थिक हिसाबले मध्यम वा उच्चवर्गीय परिवारमा खासै छोराछोरीलाई काम गर्न पठाउने चलन छैन, पढाइ सकेर काम गर्ने हो भन्ने सोच हावी छ। तर यही वर्गका युवा विदेश गए काम गर्न जाने गरेको देखिन्छ। अब नेपालमा पनि सबै घरहरूबाट आफ्ना छोराछोरीलाई काम गर्न प्रेरित गर्नुपर्ने देखिन्छ। समाजमा श्रम संस्कृतिको विकास गर्नुपर्ने देखिन्छ।

काम जस्तोसुकै होस् तर काम चैं गर्नुपर्छ भन्ने चेतना समाजमा हुनुपर्दछ। मान्छेले काम गर्दै गएपछि आफ्नो अनुभव र सीप अनुसार राम्रो रोजगारीको अवसर आफैं भेट्ने देखिन्छ। यसो हुँदा युवा आर्थिक हिसाबले आत्मनिर्भर हुँदै भविष्यमा राम्रो रोजगारी पाउने सम्भावना हुन्छ। पैसा कमाउन जति महत्वपूर्ण छ, जीवन पढ्न पनि उति नै महत्वपूर्ण छ। जीवनका गल्ती तथा अनुभवबाट पाठ सिक्न त्यति नै महत्वपूर्ण छ।

पार्ट-टाइम कामले आत्मनिर्भर युवा सहितको समाज सिर्जना गर्छ। अंशकालिक कामले युवा मूल्यवान् सीप र अनुभवद्वारा सुसज्जित हुन्छन्। समस्या समाधानको शिल्पले उनीहरूको आत्मविश्वास बढ्छ। सम्पर्क र सम्बन्धहरू विस्तार हुन्छन्।



पैसा कमाउँदाको दुःख बुझेपछि उनीहरूले पैसाको मौद्रिक मात्र होइन, अनेकौं आयामबाट मूल्यहरू बुझ्छन्। उनीहरूको वित्तीय साक्षरता बढ्छ र स्वतन्त्र नागरिक बन्ने आधार पैदा हुन्छ। यो नै आर्थिक समृद्धिको आधार बन्न सक्छ। पार्ट-टाइम कामले युवा विद्यार्थीको सामाजिक जीवनको क्षितिज फराकिलो हुन्छ। आत्म-खोज र सामाजिक संलग्नतामा वृद्धि हुन्छ। काममा जोडिनुअघि युवा विद्यार्थीले करिअरबारे सही निर्णय गर्न नसकिरहेका हुनसक्छन्। व्यावहारिक रूपमै काममा होमिएपछि उनीहरूको आफ्नो रोजाइको परीक्षण पनि हुन्छ।

आफूलाई गर्न मन लागेको काम गर्दा कतिपय युवापुस्ताको लागि अंशकालीन काम भविष्यको करिअर पत्ता लगाउने अवसर बन्न सक्छ। यसले युवापुस्तालाई कुलतको बाटोबाट पनि टाढा राख्न मद्दत पुऱ्याउँछ। पार्ट-टाइम कामको नीति लागू हुने हो भने अपाङ्गता भएका व्यक्ति, गृहिणी र सेवा निवृत्त ज्येष्ठ नागरिकसम्मले सहज रूपमा काम गर्न सक्ने वातावरण सिर्जना हुनसक्छ।

कोही युवाले स्टार्ट अप गर्न चाहन्छ भने पनि पार्ट टाइम काम गरेर आफ्नो ड्रिम प्रोजेक्टको लागि सेभिङ गर्ने र स्टार्ट-अप गर्ने पनि हुनसक्छ। उद्यम गर्नेको लागि एउटा राम्रो अवसर पनि हो। पार्ट-टाइम जब नीतिले देशमा धेरैभन्दा धेरै स्टार्ट-अपहरू जन्माउन पनि मद्दत पुग्छ जसको प्रत्यक्ष योगदान देशको अर्थतन्त्रमा हुन्छ।

अर्थतन्त्र चलायमान हुने र धेरैभन्दा धेरै कारोबार भइरहने कारणले यो नीतिले लक्षित वर्गलाई मात्र होइन देशको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा पनि योगदान पुऱ्याउन मद्दत पुग्छ। यो नीति लक्षित वर्गको लागि मात्र नभएर व्यावसायिक संस्था र उद्यमीहरूको लागि पनि उत्तिकै प्रभावकारी हुनेछ।आफूलाई चाहिएको काम जिम्मा लिएर गर्ने व्यक्ति भए महिनाभरिको तलब दिएर कामदार राख्नुपर्ने झन्झटबाट मुक्त हुन सकिन्छ। यसले व्यावसायिक संस्थाको खर्च कम हुन्छ। साथै श्रम संस्कृतिको विकास गर्न सकिन्छ।

बजारमा धेरै युवा कामकै खोजीमा हुन्छन् र विभिन्न प्लेटफर्मको मद्दतले आफूलाई चाहिएको जस्तो सीपयुक्त कामदार खोज्न पनि सहज हुन्छ। मार्केटमा प्रतिस्पर्धा हुने हुँदा राम्रो नतिजा दिने कामदारको बढी माग हुने र कामदारले पनि राम्रो नतिजा दिने अभ्यासको विकास हुन्छ।

उपभोक्ताको लागि पनि यो नीतिले धेरै हदसम्म मद्दत पुऱ्याउँछ। बजार स्वतः प्रतिस्पर्धी हुने हुनाले गुणस्तर र सुलभ हुने गरी धेरै विकल्प उपलब्ध हुन्छन् र उपभोक्ताले आफ्नो चाहना अनुसारको उत्पादन वा सेवा मार्केटबाट पाउन सक्छन्।

अंशकालीन काम किताबमा पढेका सैद्धान्तिक ज्ञानलाई व्यावहारिक ज्ञानमा रूपान्तरण गर्ने महत्वपूर्ण अवसर सावित हुनेछ। यसले विद्यार्थीलाई कक्षाकोठा सिकाइको सीमितताबाट बाहिर निकाल्छ। कडा परिश्रम, समर्पण र लगनशीलताको मूल्य जगाउँछ।

यसले युवामा उद्यमशीलता र नवीनतालाई बढावा दिन्छ, व्यक्तिगत, पारिवारिक, आर्थिक, सामाजिक चुनौतीको नवीन समाधानहरू खोज्न अभिप्रेरित गर्छ, तिनीहरू परिवर्तन र प्रगतिको लागि उत्प्रेरक बन्छन्। जोखिम लिन सक्ने अनुभव र क्षमता बढ्छ। युवा पुस्तालाई उद्यमी, इन्नोभेटर र परिवर्तनकर्ता बन्ने बाटोमा हिंडाउन भूमिका खेल्छ।

त्यसैले युवाका लागि बहुआयामिक र दूरगामी फाइदा रहेका अंशकालिक रोजगार नीति बनाउन र त्यसको कार्यान्वयन गर्न ढिला गर्नुहुँदैन। यो अध्ययन र रोजगारीका लागि विदेशिने विशाल जमातलाई स्वदेशमै रोक्ने कामको पहिलो खुट्किलो बन्न सक्नेछ ।अनलाईन खवर

# सन्तुलित बजेट ल्याउने अर्थमन्त्री पुनको भनाई



काठमाण्डु । अर्थमन्त्री वर्षमान पुनले सन्तुलित ढङ्गले आगामी आर्थिक वर्षको बजेट ल्याइने बताउनुभएको छ । प्रतिनिधिसभाअन्तर्गत अर्थसमितिको आज सिंहदरबारमा बसेको बैठकमा उहाँले स्रोतसाधन र सीमामा रहेर बजेटमा सन्तुलन कायम गरिने विश्वास व्यक्त गर्नुभयो ।

“निर्वाचन क्षेत्र र प्रादेशिक सन्तुलन बजेटमा हुनुपर्छ भन्ने विषय संसद्मा पनि उठेको छ । यो विषयम समितिमा पनि आएको छ”, अर्थमन्त्री पुनले भन्नुभयो, “निर्वाचन क्षेत्रमा न्यूनतम सन्तुलन कायम गर्नेगरी स्रोतसाधन र सीमाभित्र रहेर बजेटलाई सन्तुलन कायम गर्ने प्रयास गर्नेछौँ ।” उहाँले आगामी बजेटमा कृषिको आधुनिकीकरण, बजारीकरण, आन्तरिक राजस्व, भन्सारलाई दक्ष जनशक्ति व्यवस्थापन र पारदर्शी बनाउनेलगायत विषयलाई प्राथमिकता दिइने बताउनुभयो ।

अर्थमन्त्री पुनले अघिल्लो सरकारले गरेका कामलाई पनि समेटेर अहिलेको आवश्यकता र सान्दर्भिकताअनुरुप बजेट ल्याइने उल्लेख गर्नुभयो । बजेटमा राष्ट्रिय प्राथमिकता तथा राष्ट्रिय गौरवका आयोजनालाई प्राथमिकता दिइने उहाँको भनाइ छ ।संविधानले परिकल्पना गरेको समाजवादउन्मुख राष्ट्रिय अर्थतन्त्र निर्माण गर्ने प्रतिबद्धतालाई आत्मसात् गर्दै उत्पादनमूलक क्षेत्र, कृषि, उद्योग, पर्यटन, शिक्षा, स्वास्थ्य, सूचनाप्रविधिलगायत विषयलाई आगामी बजेटले समेट्ने अर्थमन्त्री पुनले जानकारी दिनुभयो ।

कृषिको आधुनिकीकरण गर्दै निर्वाहमुखीबाट व्यावसायिक बनाउँदै कृषिमा ठूलो जनशक्तिलाई सहभागी गराउने नीति पनि बजेटको प्राथमिकतामा पर्ने उहाँले बताउनुभयो । उहाँका अनुसार जलविद्युत्को विकास र व्यापारलाई तीव्रता दिनेगरी बजेटमा सम्बोधन गर्नेछ ।

आगामी पाँच वर्षमा पाँच खर्बको सफ्टवेयर निर्यात गरिने योजना

आजको अर्थसमितिको बैठकमा अर्थमन्त्री पुनले आगामी पाँच वर्षमा पाँच खर्ब बराबरको ‘सफ्टवेर’ निर्यात गर्न सकिने एक अध्ययनले देखाएको भन्दै आगामी बजेटमा यो क्षेत्रलाई विशेष प्राथमिकता दिइने उल्लेख गर्नुभयो । “अघिल्लो आवमा सफ्टवेयरलगायत उपकरण नेपालबाट रू ७६ अर्ब बराबरको निर्यात भएको देखिन्छ । एक अध्ययनले पनि आगामी पाँच वर्षमा पाँच खर्ब बराबरको सफ्टवेयर निर्यात गर्न सकिने देखाएको छ”, अर्थमन्त्री पुनले भन्नुभयो, “वार्षिक १० हजार जनशक्ति सूचना प्रविधि क्षेत्रमा आइरहेकाले उनीहरुलाई देशभित्रै रोजगारीको अवसर सिर्जना गर्नेगरी सूचना प्रविधिको क्षेत्रलाई बजेटले प्राथमिकता दिने छ ।”

मन्त्री पुनले कृषि, ऊर्जा, पर्यटन, शिक्षा, स्वास्थ्यलगायत विषयलाई प्राथमिकता दिएर बजेट ल्याउन सांसदहरुले उठाएका विषय र सुझावलाई सम्बोधन गरिने विश्वास व्यक्त गर्नुभयो । समितिका सभापति सन्तोष चालिसेले बजेटले उत्पादन र निर्यातमूलक क्षेत्र, विद्युत् उत्पादन र बजार प्रवर्द्धनलगायत विषयलाई ध्यान दिनुपर्ने सुझाव दिनुभयो । उहाँले पर्यटन प्रवर्द्धन, कृषिको आधुनिकीकरणलगायत क्षेत्रलाई बजेटमा समेटिनुपर्ने धारणा राख्नुभयो । अर्थ समितिले आव २०८१/८२ का लागि विनियोजन विधेयकका प्राथमिकता र सिद्धान्त (कर प्रस्तावबाहेक) सम्बन्धी अर्थमन्त्रीसँग छलफल गरेको हो । समितिका सदस्यले बजेट पहुँचका आधारमा नभई आवश्यकताका आधारमा विनियोजना गर्न सुझाव दिनुभएको थियो । उहाँहरुले राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना, रुग्ण आयोजनालाई चाँडो सम्पन्न गर्नेगरी बजेट विनियोजना गर्न अर्थमन्त्रीसमक्ष माग गर्नुभयो ।

पूर्वअर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले पहुँचका आधारमा नभई आवश्यकताका आधारमा बजेट ल्याइनुपर्ने बताउनुभयो ।

> **पूर्वअर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले पहुँचका आधारमा नभई आवश्यकताका आधारमा बजेट ल्याइनुपर्ने बताउनुभयो । उहाँले आगामी बजेटमा मुलुकलाई दिगो आर्थिक विकास लक्ष्य हासिल गर्ने, अधुरा आयोजनालाई पूर्णता दिने, सन्तुलित विकासको आवश्यकता पहिचान गरी बजेट ल्याइनुपर्ने धारणा राख्नुभयो ।**

उहाँले आगामी बजेटमा मुलुकलाई दिगो आर्थिक विकास लक्ष्य हासिल गर्ने, अधुरा आयोजनालाई पूर्णता दिने, सन्तुलित विकासको आवश्यकता पहिचान गरी बजेट ल्याइनुपर्ने धारणा राख्नुभयो ।सांसद सूर्य थापाले अर्थतन्त्रलाई सुदृढ बनाई सञ्चालित आयोजनालाई चाँडो सम्पन्न गर्नेगरी बजेटमा समेट्न माग गर्नुभयो । सांसद दिपक खड्काले पुँजीगत खर्च नहुने विगतको परम्परालाई तोड्नेगरी बजेट ल्याउन आग्रह गर्नुभयो । सांसद नारायणी शर्माले कार्यान्वयनमुखी बजेट ल्याउनुपर्ने धारणा राख्नुभयो ।

सांसद मेटमणि चौधरीले पुँजीगत खर्चको टिठलाग्दो अवस्थालाई मध्यनजर गर्दै जनताको आवश्यकतालाई ध्यानमा दिएर सन्तुलित बजेट ल्याउन माग गर्नुभयो । सांसद नारायणप्रसाद भट्टराईले राष्ट्रिय गौरवका आयोजनाको गति बढाउनेगरी बजेट आउनुपर्ने बताउनुभयो ।समितिको बैठकमा सांसद छिरिङ डम्डुल लामा (भोटे) ले कर्णालीको विकासलाई बजेटले प्राथमिकता दिनुपर्ने बताउनुभयो । सांसद गङ्गा कार्कीले आन्तरिक राजस्व सुधार, पर्यटन क्षेत्रको विकासलगायत विषयलाई बजेटले समेटनुपर्ने धारणा राख्नुभयो ।

सांसद रणकुमारी मगर, अञ्जली श्रेष्ठ र मुक्ताकुमारी यादवले कृषि उत्पादन प्रवर्द्धन, शिक्षा, स्वास्थ्यका साथै दिगो विकास लक्ष्य हासिल गर्नेगरी बजेटले प्राथमिकता निर्धारण गर्नुपर्नेमा जोड दिनुभएको थियो ।रासस

# विभेद अन्त्य नभएसम्म परिवर्तनका उपलब्धी रक्षा नहुने : प्रधानमन्त्री

**टुडे समाचारदाता**



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले परिवर्तनका उपलब्धी रक्षाका लागि विभेद अन्त्य हुनुपर्ने बताएका छन्।५९औँ जातीय विभेद उन्मुलनसम्बन्धी अन्तर ाष्ट्रिय दिवसका सन्दर्भमा विहिबार आयोजित समारोहमा उनले विभेद अन्त्य नहुँदासम्म परिवर्तनका उपलब्धि रक्षा हुन नसक्ने बताए ।

उनले संविधानमा दलित समुदायका मौलिक हकलगायत व्यवस्था सुनिश्चित गरिए पनि दलित समुदायमाथि गरिने छुवाछुत भेदभावमा अपेक्षित कमी आउन नसकेको बताउदै छुवाछुत विभेदकै कारण दलित समुदायमाथि अपमान, दमन, उत्पीडन, सामाजिक बहिस्कार, कुटपिट-हत्या जस्ता घटनामा कमी आउन नसक्नु सामाजिक लज्जाको विषय रहेको बताए ।

प्रधानमन्त्री दाहालले छुवाछुत उत्पीडनका अतिरिक्त लैङ्गिक विभेद, भाषिक विभेद, क्षेत्रीय उत्पीडनलगायत विभेद सम्पूर्णरूपमा अन्त्य नहुँदासम्म परिवर्तनका उपलब्धिको रक्षा र विकासका लागि विभेद अन्त्य हुनुपर्ने बताए । देशको राजनीतिक परिवर्तनमा दलित समुदायले महत्वपूर्ण योगदान गरेको उल्लेख गर्दै उनले दलित समुदायलाई समानुपातिक प्रतिनिधित्वसहितको सङ्घीय समावेशी लोकतान्त्रिक गणतन्त्र एवं विभेदरहित समाजको निर्माणको जिम्मेवारी दिनुपर्ने बताए ।

“जातीय छुवाछुत तथा विभेदलाई कडा दण्डनीय अपराधका रूपमा लिइ यसमा संलग्न अपराधीलाई कानुनी दायरामा ल्याउनु राज्यको दायित्व हो”, उनले भने, “समानता र स्वतन्त्रतापूर्वक बाँच्न पाउनु हरेक नागरिकको नैसर्गिक अधिकार हो । यद्यपि, मानव सभ्यताको आधुनिकयुगमा पनि दासयुगीन मानसिकताबाट नेपाली समाज मुक्त हुन सकेको छैन ।” संविधान, ऐन तथा कानुनले सुनिश्चित गरेका व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि सङ्घर्षको अर्को विकल्प नदेखिएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले जातीय छुवाछुत जस्तो अपराधलाई उन्मूलन गर्न कानुनी प्रावधान कडा पार्नुका साथै सामाजिक जागरण र राजनीतिक अभियान चलाउनुपर्ने बताए ।

प्रधानमन्त्री दाहालले दलित समुदायको आत्मसम्मान, समानता र सामाजिक न्यायको पक्षमा सरकार प्रतिबद्ध रहेको बताउदै इतिहासदेखि नै थिचिएका, मिचिएका र अपमानित जीवन व्यतित गर्न बाध्य पारिएका नेपालका दलित समुदायलाई सरकारका तर्फबाट उच्च सम्मान रहेको बताए ।

# योजना आयोगका रिक्त सदस्यमा चार जनाको नियुक्ती

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले राष्ट्रिय योजना आयोगको रिक्त सदस्यमा चार जनालाई नियुक्ति गरेको छ । मन्त्रिपरिषद्को विहिबारको बैठकले प्रा सङ्गीता सिंह (काठमाडौँ), डा कुसेन्द्रबहादुर महत (जुम्ला), प्रा शिवराज अधिकारी (पाल्पा) र डा अरनिको पाण्डे (ललितपुर)लाई सदस्य पदमा नियुक्त गरिएको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिएकी छन् ।



नेपाल र गणतन्त्र कोरियाबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५० वर्ष पूरा भएको अवसरमा कोरियाका सात र नेपाली तीन जनालाई जुगल हिमाल आरोहणका लागि आवश्यक दस्तुर मिनाहा गर्ने निर्णय गरेको छ । सिन्धुपाल्चोक जिल्लामा अवस्थित जुगल-१ र जुगल-२ हिमाल आरोहण गर्दा लाग्ने सलामी दस्तुर मिनाहा गर्ने निर्णय भएको मन्त्री शर्माले जानकारी दिईन् ।

बैठकले नेपाल प्रशासन सेवा समूहतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त सचिव पदमा चुडामणि पौडेललाई बढुवा गर्ने निर्णय गरेको छ ।

# मुलुकभरिका सिडओ कार्यालयलाई गृह मन्त्रालयको निर्देशन

**टुडे समाचारदाता**

काठमाण्डु । मुलुकका ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई गृह मन्त्रालयले २१ बुँदे निर्देशन जारी गरेको छ । चैत ७ गतेको मन्त्रिस्तरीय निर्णयानुसार मन्त्रालयले विहिबार ‘नेपाल सरकारको प्रतिनिधिका रुपमा शान्तिसुरक्षा, सेवा प्रवाह, सुशासन, नियमन, समन्वय र सहजीकरण गर्नुपर्ने विषयमा सक्रिय भूमिका निर्वाह गरी नागरिकप्रतिको भरोसा अभिवृद्धि गर्न भन्दै’ २१ बुँदे निर्देशन जारी गरेको हो ।

उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले नागरिकले तत्काल अनुभूत गर्नेगरी स्थानीय प्रशासनको कामकारबाहीमा सुधार ल्याउन निर्देशन गरेअनुसार मन्त्रालयले उक्त निर्देशन जारी गरेको उहाँको सचिवालयले जनाएको छ । निर्देशनमा शान्तिसुरक्षा तथा अपराध नियन्त्रण, सामाजिक सञ्जालको मर्यादित प्रयोग र साइबर अपराध नियन्त्रण, आर्थिक अपराध नियन्त्रण, सडक सुरक्षा र सवारी दुर्घटना न्यूनीकरण, राजस्व चुहावट नियन्त्रण, प्रभावकारी सेवा प्रवाह, गुनासो व्यवस्थापन, कर्मचारी आचरण र अनुशासन, सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण, विकास निर्माणका काममा समन्वय र सहजीकरणलगायत विषय समेटिएका छन् ।

उपप्रधानमन्त्री लामिछानेले मन्त्रालयको निर्देशन कार्यान्वयन भए/नभएको मूल्याङ्कन गर्न उच्च अधिकारीलाई आग्रह गरेका छन् । उनले देखिने गरी सेवा प्रवाह गर्न, लोभमा नफस्न र कुनै पनि प्रभावबाट प्रभावित नहुन मातहतका कर्मचारीलाई निर्देशन दिएका छन् ।

## ‘नेपाली समाजमा ठूलो चुनौती छुवाछूत’

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले नेपालमा जातीय छुवाछूत ठुलो चुनौतीको रुपमा रहेको बताएका छन् ।

५९औँ जातीय विभेद उन्मूलन दिवसका अवसरमा विहिबार शुभकामना सन्देश जारी गर्दै अध्यक्ष नेपालले शताब्दीऔँदेखि थोपरिएको जातीय छुवाछूत, अन्याय, अत्याचार, भेदभाव र अमानवीय व्यवहार वर्तमान समयका निम्ति चुनौती बनिरहेको बताए । उनले जातीय भेदभावविरुद्धका योद्धाप्रति श्रद्धाञ्जलि तथा सम्मान व्यक्त गर्दै नेपाली समाज राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरणको प्रक्रियामा अघि बढेको बताए ।

ऐतिहासिक जनक्रान्तिको बलबाट पुनःस्थापित प्रतिनिधिसभाबाट छुवाछूतमुक्त राष्ट्र घोषणा, नेपालको संविधानको प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद, जातीय छुवाछूत र सबै प्रकारका विभेदको अन्त्य, धारा २४ र ४० मा दलितसम्बन्धी मौलिक हकको सुनिश्चितता गरिएको उल्लेख गर्दै अध्यक्ष नेपालले संवैधानिक तथा कानुनी व्यवस्थालाई व्यवहारमा पूर्णरूपमा कार्यान्वयन हुन नसकेकाले जातीय छुवाछूत तथा विभेदलाई कडा दण्डनीय अपराधका रूपमा लिई यसमा संलग्न अपराधीलाई कानुनी दायरामा ल्याउनु राज्यको दायित्व भएको बताए ।


## श्री मोहन माध्यमिक (०-१२) विद्यालय सुगानिकास

**हँसपुर नगरपालिका-५**

**धनुषा, मधेश प्रदेश, नेपाल**

## शिक्षक आवश्यकता सम्बन्धी सूचना

शिक्षा विकास तथा समन्वय इकाई जनकपुरधाम, धनुषाको च.नं. १५२७ मिति २०८०/१२/०४ गतेको प्राप्त पत्रानुसार यस विद्यालयमा रिक्त रहेको प्राथमिक तहको स्थायी दरबन्दीमा करार शिक्षक पदपुर्ति गर्न यस विद्यालयको शिक्षक छनौट समितिको मिति २०८०/१२/०८ गतेको निर्णयानुसार तपसिल अनुसारका शिक्षक पदपुर्ती गर्नुपर्ने हुँदा इच्छुक नेपाली नागरिकवाट यो सूचना प्रकाशन भएको मितिदेखि ७ (सात) दिन भित्र रीतपूर्पक निवेदन सहित तपसिल बमोजिमको दरखास्तको लागि आह्वान गरिन्छ ।

**तपसिल**

- **विज्ञापन नं.** :- ३/२०८०/०८१
- **पद** :- प्राथमिक शिक्षक
- **पद संख्या** :- १ (एक)
- **नागरिकता** :- नेपाली
- **तह/श्रेणी** :- प्राथमिक/तृतीय
- **शैक्षिक योग्यता** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट माध्यमिक शिक्षा परीक्षा (कक्षा १२) वा सो सरहको परीक्षा उत्तीर्ण गरेको
- **नियुक्तिको किसिम** :- करार
- **म्याद** :- स्थायी शिक्षक सिफारिस नहुन्जेल सम्म
- **उमेर** :- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
- **दस्तुर** :- रु. १,०००।- (एक हजार रुपैयाँ) मात्र (एनएमबि बैंक हँसपुर शाखाको चल्ती हिसाब नं. ११७००८१९८७१०००११ मा जम्मा गरी सक्कल भौचर पेश गर्नु पर्ने)
- **तलब सुबिधा** :- नेपाल सरकारले तोकेको आधारमा
- **परीक्षाको किसिम** :- शिक्षक सेवा आयोगले तोकेको अनुसार
- **संलग्न गर्नु पर्ने आवश्यक कागजातहरु** :-
  १. नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी थान १
  २. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी थान १
  ३. माध्यमिक तहको अध्ययापन अनुमति पत्रको प्रमाणित प्रतिलिपी थान १
  ४. हस्तलिखित निवेदन थान १
  ५. बैंक भौचरको सक्कल प्रति थान १
- **दरखास्त दिने मिति** :- २०८०/१२/०९ देखी २०८०/१२/१५ गते सम्म (अन्तिम दिन विदा परेमा त्यसको भोली पल्ट कार्यालयको समय भित्र)
- **आवेदन दिने स्थान** :- सम्वन्धित विद्यालय
- **सम्पर्क मिति** :- २०८०/१२/१८ गते आइतबार
- **परीक्षाको समय** :- सम्पर्क मितिको दिन तोक्ने छ
- **सम्पर्क नं.** :- ९८४४१२५१५६ र ९८०४८६९१७७

**पुनश्च** :- शिक्षक सेवा आयोगको करार सुचीमा रहेको उम्मेदवारलाई ग्राहयता दिइनेछ।



**नेपाल सरकार**

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**

## परियोजना कार्यान्वयन एकाई, सिराहा

**धनगढीमाई नगरपालिका-१० मधेश प्रदेश, नेपाल**

## च्याप कट्टर खरिद सम्बन्धी बोलपत्र आव्हान बारे सुचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/१२/०९**

यस परियोजना कार्यान्वयन एकाई, सिराहाबाट चालु आ.व. २०८०/०८१ मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस कार्यालयमा तपसिल बमोजिम परिमाणको च्याप कट्टर खरिद गर्ने कार्य बोलपत्रद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट ईजाजत पत्र प्राप्त योग्य उत्पादक कम्पनी/फर्म/सप्लायर्स बाट निम्न शर्तहरुको अधिनमा रहि बोलपत्र आह्वान गरिएको छ ।

**शर्तहरू**

१. बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३१ (एकतिसौं) (२०८१/०१/०९) दिन भित्र यस कार्यालयबाट एउटा बोलपत्र फाराम रु ३०००/- (अक्षरेपीः तिन हजार मात्र) (फिर्ता नहुने गरी) तिरि कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।
२. रितपुर्वक भरिएको बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३२ (बतिसौं) (२०८०/०१/१०) दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ साथै सोही दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोलिनेछ, बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
३. बोलपत्रको स्वीकृत लागत अनुमान अनुमान रकम अंकको २.५(अढाई) प्रतिशतले हुन आउने रकम यस कार्यालयको कोड नम्बर ३१२००१६०१ र कोष तथा लेखा नियन्त्रणको कार्यालय सिराहाको धरौटी खाता नम्बर २१३०१००१०२०३०००० मा जम्मा गरि सो को बैंक भाउचर वा सो रकम बराबरको नेपाल सरकारको मान्यता प्राप्त बैंकहरु (बिडबण्ड जारी गर्न सक्ने अधिकार प्राप्त बैंक) बाट बोलपत्रको हकमा घटीमा तिन महिना म्याद भएको सक्कल बिडबण्ड (Bid Security) पेश गर्नु पर्ने छ ।
४. बोलपत्रमा दररेट उल्लेख गर्दा Bill Of Quantity को प्रत्येक Item को अंक र अक्षर दुवैमा स्पष्ट भर्नु पर्नेछ । केरमेट भई अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
५. बोलपत्र दाखिला गर्दा खामको बाहिर यस कार्यालयको नाम, ठेक्का नं., कामको विवरण, दरभाउपत्रदाताको नाम, ठेगाना आदी स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।
६. बोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा क्रमशः कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ ।
७. एक फर्म वा कम्पनीको नामबाट खरिद भएको दरभाउपत्र अर्को फर्म वा कम्पनीको नामबाट दर्ता गर्न पाईने छैन् ।
८. रित नपुगी शर्त राखी वा म्याद नाघी आएको बोलपत्र माथि कार्यवाही हुने छैन ।
९. सूचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।
१०. बोलपत्र सम्वन्धि थप जानकारीकालागि यस कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

**तपशिल**

| सिं.नं. | बोलपत्र नं. | खरिद माध्यम | कामको विवरण | परिमाण | ल.ई.रकम | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १ | ०१/२०८०/०८१ | बोलपत्र | च्याप कट्टर खरिद | ११० | ३९२४८०० | १००००० |

जनकपुर टुडे


# इन्डोनेसियाको समुद्रमा फसेका ६९ रोहिङ्ग्या शरणार्थीको उद्धार



एएफपी

मेउलाबोह । इन्डोनेसियाको समुद्रमा डुङ्गा डुबेपछि साम्द्रिक किनारामा बस्दै आएका ६९ रोहिङ्ग्या शरणार्थीको इन्डोनेसियाली अधिकारीहरूले उद्धार गरेका छन् ।

हप्तौँको सामुद्रिक यात्राका क्रममा इन्डोनेसियाली सामुद्रिक क्षेत्रमा पुगेका करिब १५० रोहिङ्ग्या शरणार्थी सवार रहेको अनुमान गरिएको काठको डुङ्गा बुधबार पल्टिएपछि उद्धारको लागि गएको अर्को डुङ्गा पनि दुर्घटना भएको बताइएको छ ।

पश्चिमी आचेह प्रान्तको तटमा रोहिङ्ग्याको समूह अफ्ठेरोमा परेको देखेपछि उद्धारकर्ताहरूले उनीहरूलाई बचाउनका लागि कठिन सङ्घर्ष गर्नुपरेको थियो ।

अत्यधिक उत्पीडनमा परेका म्यान्माका अधिकांश मुस्लिम रोहिङ्ग्याहरूले हरेक वर्ष लामो र महँगो समुद्री यात्रामा आफ्नो ज्यान जोखिममा राखेर हजारौँको सङ्ख्यामा मलेशिया वा इन्डोनेसिया पुग्ने प्रयास गर्छन् ।

इन्डोनेसियाली उद्धारकर्मीले ४२ पुरुष, १८ महिला र नौ बालबालिका गरी ६९ जनाको उद्धार गरेको बान्दा आचेह खोज तथा उद्धार एजेन्सीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

एएफपीलाई प्राप्त भएको फुटेजमा स्थानीय खोज तथा उद्धार निकायले पुरुष, महिला र बालबालिकालाई सुरक्षित स्थानमा लगेको देखिएको छ ।"म १५ दिनदेखि समुद्रमा थिएँ तर यहाँ अरू त्यो भन्दा लामो (एक महिनाभन्दा बढी ) समयदेखि फसेका छन्," इन्डोनेसियामा आफ्नो नाम ' दोस्तगियोर' बताउने २७ वर्षीय व्यक्तिले बताउनुभयो । आफू बङ्गलादेशको कक्स बजारबाट यात्रा सुरू गरेको बताउने उहाँसँगै धेरै रोहिङ्ग्या उत्पीडनबाट भागेर विभिन्न देशका शिविरमा गएको उहाँले बताउनुभयो ।

उहाँले एएफपीसँग भन्नुभयो, "मलाई इन्डोनेसिया लैजान सक्ने एक व्यक्तिलाई मैले बङ्गलादेशमा भेटेँ । इन्डोनेसिया पुग्नुको मेरो लक्ष्य भनेको मलाई मलेसिया लैजानका लागि कसैलाई त्यहाँ पैसा तिर्नु हो ।

एकपटक मलेसिया पुगेपछि म अरू कसैलाई पैसा तिरेर मलेसिया प्रवेश गराउने योजना त्यो व्यक्ति (दलाल) ले मलाई सुनाएको थियो ।" पश्चिम आसेह मछुवा समुदायका महासचिव पवन्गा अमिरुद्दिनले बुधबार एएफपीसँग भने, "अन्य शरणार्थीले आफू म्यानमारबाट आएको र थाइल्याण्ड पुग्ने प्रयास गरेको तर अस्वीकार गरिएको बताएका छन् ।"

संयुक्त राष्ट्रसङ्घीय शरणार्थी निकायका सुरक्षा सहयोगी फैजल रहमानले उद्धार गरिएका हरूको 'स्पष्ट र ठोस तथ्याङ्क' प्राप्त गर्न उद्धार टोली बस्तीमा फर्किने प्रतिक्षामा रहेको बताउनुभयो । बुधबार पल्टेको सोही डुङ्गाबाट छ जना रोहिङ्ग्यालाई मछुवाले तत्काल उद्धार गरेका थिए ।तीमध्ये एक पिडितले दर्जनौं शरणार्थीलाई बाढीले बगाएको र बेपत्ता भएको वा मृत्यु भएको आशङ्का गरिएको घटनामा परेका जीवित शरणार्थीलाई उद्धृत गर्दै उद्धारकर्मीले बताए ।


डुङ्गाले १५१ जनालाई लगेको बताउने एक शरणार्थीको भनाइलाई आधार मान्दै रहमानले भन्नुभयो, "डुङ्गा दुर्घटनापछि करिब ५० जना हराइरहेका छन् र उनीको मृत्यु भएको हुन सक्छ," रहमानले भन्नुभयो । उहाँले थप्नुभयो, "धेरै मानिसहरूको जीवन बचाउन सक्दो प्रयास गर्न सकियोस् भनी हामी अझै पनि सम्बन्धित सरकारी निकायहरूसँग समन्वय गरिरहेका छौं ।" स्थानीय प्रहरी र क्षेत्रीय सरकारले टिप्पणीका लागि गरिएको अनुरोधमा आफूहरू यसका लागि तोकिएको आधिकारिक अधिकारी नभएकाले केही बताउन नसक्ने बताए ।

युएनएचसीआरका अनुसार नोभेम्बरको मध्यदेखि जनवरीको अन्त्यसम्म एक हजार ७५२ शरणार्थी इन्डोनेसियाको आचेह र उत्तरी सुमात्रा प्रान्तमा पुगेका छन् ।

सयौं मानिस आश्रयस्थलमा बसिरहेका छन् ।संयुक्त राष्ट्रसङ्घीय निकायका अनुसार सन् २०१५ यता मुस्लिम बहुल इन्डोनेसियामा पुगेका आप्रबासीको सबैभन्दा ठूलो संख्या हो ।

हालैका महिनाहरूमा आचेहमा अवतरण गर्ने केही रोहिङ्ग्या समुदायप्रतिको समवेदना घटेको र डुङ्गाहरूलाई समुद्रमा फिर्ता पठाउन थालिएको छ ।

# विश्वकप छनोट फुटबलमा नेपाल र बहराइन भिड्ने




टुडे समाचारदाता

काठमाण्डु । फिफा विश्वकप तथा एएफसी एसियन कप छनोटअन्तर्गत दोस्रो चरणको खेलमा नेपाली राष्ट्रिय फुटबल टोलीले विहिबार बहराइनको सामना गर्दैछ ।

बहराइनको राष्ट्रिय रङ्गशालामा हुने उक्त खेल नेपाली समयअनुसार राति १२:४५ बजेदेखि सुरु हुनेछ ।

दशरथ रङ्गशालाको मैदान खेल्न उपयुक्त नभएपछि होम एण्ड अवेका दुवै खेल नेपालले बहराइनमा नै खेल्न लागेको हो ।नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक भिनसेन्जो अल्बर्टो एनेसले बहराइनसँग खेल्न आफ्नो टोली उत्साहित रहेको बताए । उनले नेपालभन्दा बहराइन शारीरिक र मानसिकरुपमा बलियो टिम भएको टिप्पणी गरे । प्रशिक्षक एनेसले नेपालको तयारी छोटो समयको भए पनि प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्ने उल्लेख गरे ।

नेपालले पहिलो पटक अन्तर र्राष्ट्रिय फुटबलमा बहराइनसँग प्रतिस्पर्धा गर्न लागेको हो । यसअघि नेपालले मलेसियाको टोलीसँग अभ्यास खेल खेलेको थियो। नेपाली टोली मलेसियाबाट सिधै बहराइन गएका हुन् ।

नेपालले पहिलो चरणको खेलमा लाओसलाई १-० गोलअन्तरले पराजित गर्दै प्रतियोगिताको दोस्रो चरणमा पुगेको हो । समूह 'एच' मा रहेको नेपालले यसअघि दुई खेल खेलिसकेको छ । नेपालले संयुक्त अरब इमिरेट् विरुद्धको अवे खेलमा ४-० गोलअन्तरले पराजित भएको थियो भने घरेलु मैदानमा भएको यमनविरुद्धको खेलमा २-० ले पराजित भएको थियो । नेपाल अङ्कविहीन छ ।

समूह एचमा नेपालसहित बहराइन, यमन र संयुक्त अरब इमिरेट्स (युएई) छन् । नेपाली फुटबल टोलीमा गोलकिपर किरण चेम्जोङ, अभिषेक बराल र विशाल सुनार छन् ।

त्यस्तै डिफेन्डरमा अभिषेक लिम्बु, अनन्त तामाङ, छिरिङ लामा, अजय चौधरी, सनिश श्रेष्ठ, सौभाग्य राई (सन्जित) र सुमित श्रेष्ठ छन् ।

मिडफिल्डरमा भरत खवास, विशाल बस्नेत, लाकेन लिम्बु, मणिकुमार लामा, मनिष डाँगी, रोहन कार्की र उत्सव राई छन् भने फरवार्डमा अञ्जन विष्ट, दीनेश हेन्जन, समीर तामाङ, सञ्जिव विष्टहिसुब थपलिया र जिलेस्पी जङ्ग कार्की छन् ।

# काङ्ग्रेसलाई चुनाव प्रचारका लागि पैसाको अभाव

एएफपी

नयाँदिल्ली । सरकारले आफ्नो दलको बैङ्क खाता रोक्का गरेपछि आगामी महिना सुरु हुने आम चुनावमा प्रचारप्रसारका लागि भारतको विपक्षी दल भारतीय राष्ट्रिय काङ्ग्रेससँग पैसा नभएको यसका नेताहरूले बताएका छन् । कर विवरण दाखिल गर्न ढिला भएको भन्दै गत फेब्रुअरीमा पार्टीका धेरै बैंक खाता रोक्का गरिएको थियो ।

"हाम्रो दलको सम्पूर्ण आर्थिक आधार रोकिएको छ," स्वतन्त्रतापछि दशकौंसम्म भारतीय राजनीतिमा प्रभुत्व जमाएका परिवारका वंशज तथा काङ्ग्रेस नेता राहुल गान्धीले भन्नुभयो ।

त्रिपन्न बर्षीय गान्धीले भन्नुभयो, "हामीसँग प्रचारका लागि पैसा छैन, हामी हाम्रा उम्मेदवारलाई सहयोग गर्न नसक्ने भएका छौं । सरकारको नितीका कारण चुनाव लड्ने हाम्रो क्षमतामा क्षति पुगेको छ ।"प्रधानमन्त्री नरेन्द्र मोदीको सत्तारुढ दल भारतीय जनता पार्टी (भाजपा) लाई चुनौती दिन कर विभागको प्रतिबन्धले समस्या पारेको र प्रतिबन्ध राजनीतिबाट प्रेरित भएको काङ्ग्रेसको जिकिर छ ।

"गत हप्ता हामीलाई कर अधिकारीहरूबाट सन् १९९५ देखि सन् १९९६ सम्मको 'फाइलिङ'को अर्को सूचना प्राप्त भएको छ," गान्धीले नयाँ दिल्लीमा पत्रकार भेटमा भन्नुभयो ।

"हामीसँग प्रचार सामग्री छाप्ने पैसा पनि छैन," उहाँले थप्नुभयो । यसैबीच, काङ्ग्रेसकी पूर्व अध्यक्ष तथा राहुलकी आमा ७७ वर्षीया सोनिया गान्धीले पार्टीलाई पङ्गु बनाउने प्रणालीगत प्रयासको हिस्साका रूपमा कर जरिवाना गरिएको बताउनुभएको छ ।

विश्वको सबैभन्दा ठूलो लोकतान्त्रिक अभ्यास अप्रिल १९ देखि सुरु हुने डेढ महिना लामो चुनावमा करिब एक अर्ब भारतीयले नयाँ सरकार चयनका लागि मतदान गर्नेछन् ।सरकारले न्याय प्रणालीलाई राजनीतिकरण गरेको आरोप लगाउँदै भारतको लोकतान्त्रिक साखमाथि प्रश्न चिन्ह खडा गरेको आलोचकहरूले बताएका छन् ।भारतको मुख्य वित्तीय अनुसन्धान निकाय ' इन्फोर्समेन्ट डाइरेक्टोरेट'ले कम्तीमा पाँच राज्यका मुख्यमन्त्री वा उनीहरूका परिवारका बारेमा अनुसन्धान सुरु गरेको छ ।

राहुलले 'लोकतन्त्रको ढाँचाको रक्षा गर्ने संस्थाहरू' नबोलेको र हस्तक्षेप नगरेको भन्दै निर्वाचन आयोगलगायत संस्थाको आलोचना गर्नुभएको छ ।उहाँले भन्नुभयो, "आज भारतमा लोकतन्त्र छैन ।" काङ्ग्रेसका अध्यक्ष मल्लिकार्जुन खड्गेले आर्थिक अभावका कारण चुनावअघि काङ्ग्रेस 'असहाय' भएको बताउनुभयो ।

निर्वाचन आयोगलाई दिइएको पछिल्लो आधिकारिक वित्तीय विवरणअनुसार भाजपाको कोष काङ्ग्रेसको भन्दा करिब १० गुणा बढी छ ।

सन् २०१७ मा मोदी सरकारले 'इलेक्टोरल बन्ड' लागू गरेपछि यो खाडल नाटकीय रूपमा फराकिलो भएको थियो ।गत महिना सर्वोच्च अदालतले यो योजनालाई असंवैधानिक ठहर गर्दै दाता र प्राप्तकर्ताको विवरण सार्वजनिक गर्न भनेको थियो ।सार्वजनिक विवरणअनुसार भाजपा अहिलेसम्मको सबैभन्दा ठूलो लाभग्राही हो, जसले कुल चन्दाको आधाभन्दा कम अर्थात् करिब ७३

# 'तत्काल युद्धविराम' का लागि प्रस्तावित मस्यौदा अमेरिकाद्वारा परिचालित

एएफपी

जेद्दाह । गाजा क्षेत्रमा बन्धक बनाइएकाहरूको रिहाइसँग जोडिएको युद्धविरामको तत्काल माग गर्दै संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को प्रस्तावको मस्यौदा संयुक्त राज्य अमेरिकाले परिचालित गरेको विदेशमन्त्री एन्टोनी ब्लिन्केनले बताउनुभएको छ ।



ब्लिन्केनले भन्नुभयो, "वास्तवमा हामीसँग एउटा प्रस्ताव छ । संयुक्त राष्ट्र सङ्घको सुरक्षा परिषदमा बन्धकहरूको रिहाईसँग जोडिएको, तत्काल युद्धविरामको आह्वान गर्ने प्रस्ताव जुन हामीले अहिले नै अघि सारेका छौं र विश्व समुदायले यसलाई स्विकार गनेछन् भन्नेमा हामी आशावादी छौं ।"

इजरायल र हमासबीचको युद्धबारे छलफल गर्न साउदी अरबको भ्रमणका क्रममा बुधबार साँझ साउदी सञ्चारमाध्यम अल हदाथसँग कुरा गर्दै उहाँले भन्नुभयो, "मलाई लाग्छ यसले कडा तथा सन्देशमुलक सङ्केत दिनेछ ।"

इजरायलको मुख्य समर्थक संयुक्त राज्य अमेरिकाले यसअघि संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को भिटो प्रयोग गरी प्यालेस्टिनी भूमिमा तत्काल युद्धविरामको आह्वान गर्न राष्ट्रसङ्घलाई रोकेको थियो ।उहाँले भन्नुभयो, "निःसन्देह, हामी आफ्नो रक्षा गर्ने इजरायलको अधिकारको साथमा छौं । युद्धबाट हानि व्यहोरेका र धेरै पीडित प्यालेस्टिनीको समस्या समाधानमा हामी ध्यान केन्द्रित गर्दछौं, उनीहरूलाई प्राथमिकता दिन्छौं, नागरिकहरूको सुरक्षा गर्छौं, उनीहरूलाई मानवीय सहायता प्राप्त गर्छौं ।

ब्लिन्केनले बुधबार साउदी अरब पुगे लगत्तै राजकुमार मोहम्मद बिन सलमानसँग वार्ता गर्नुभएको थियो। उहाँले साउदी अरबका विदेशमन्त्री राजकुमार फैजल बिन फरहानसँग पनि भेटवार्ता गर्नुभएको थियो । बिहीबार इजिप्ट र त्यसपछि इजरायलमा पुगी उहाँले वार्तालाई जारी राख्ने बताइएको छ ।

गत अक्टोबर ७ मा इजरायल-हमास युद्ध सुरु भएयता मध्यपूर्वका लागि उहाँको यो छैटौं भ्रमण हो ।ब्लिन्केनको यो भ्रमणको शिलशिला कतारमा भएको वार्तासँग मिल्दोजुल्दो छ । साउदी अरबमा युद्धविरामको लागि नयाँ प्रयासमा बुधबार तेस्रो दिन मध्यस्थहरूको बैठक भएको थियो तर सम्भावित सम्झौताको कुनै सङ्केत भने देखिएको छैन ।

प्यालेस्टिनी कैँदीहरूका लागि बन्धकहरूको आदानप्रदान हुने र राहत सामग्रीहरूको वितरणलाई तीव्र पारिएको कतारमा भएको छलफलले लडाइँ रोक्ने अस्थायी योजनामा सहमति गरेको थियो । अक्टोबर ७ मा हमासले गरेको आक्रमणपछि गाजामा अहिलेसम्मकै सबैभन्दा रक्तपातपूर्ण युद्ध सुरु भएको थियो भने हमासको आक्रमणमा इजरायलमा करिब एक हजार १६० जनाको मृत्यु भएको थियो ।

लडाकूहरूले लगभग २५० बन्धकहरूलाई पनि कब्जामा लिएका थिए बन्धकमध्ये १३० जना गाजामा रहेको इजरायलको विश्वास छ र उनीहरूमध्ये ३३ जना मारिएका अनुमान गरिएको छ ।

गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायली सेनाले हमासविरुद्ध प्रतिशोधात्मक आक्रमण गरेको छ जसमा करिब ३२ हजार मानिसको मृत्यु भएको छ र आक्रमणमा अधिकांश महिला र बालबालिकाको मृत्यु भएको छ ।

# आईपीएल २०२४ मा पुनरागमन गर्ने ६ सुपरस्टार क्रिकेटर



काठमाण्डु । इन्डियनप्रिमियर लिग (आईपीएल) २०२४ शुक्रबारदेखि भारतमा सुरु हुँदैछ । १७औं संस्करणको आईपीएलमाविश्वका स्टार खेलाडीहरुले पुनरागमन गर्दैछन् । प्रमुख टोली फर्किंदा फ्रेन्चाइज टोली मजबुत हुनुको साथै दर्शक पनि उनीहरुको खेल हेर्न उत्साहित छन् । पुनरागमन गर्नेमा चोट, व्यक्तिगत कारण र अक्सनमा नबिकेपछि खेल्न पाएका खेलाडीहरु छन् ।

**२०२४ को आईपीएलमा पुनरागमन गर्ने ६ सुपरस्टार खेलाडी यस प्रकार छन् :**

**मिचेल स्टार्क- कोलकाता**

अष्ट्रेलियाका तीव्र गतिका बलर मिचेल स्टार्क २०१५ पछि पहिलोपटक आईपीएल खेल्दैछन् । २०१४ र २०१५ को संस्करण बैंलोरबाट खेलेका उनले आफ्नो देश र परिवारलाई पर्याप्त समय दिन भन्दै आईपीएल नखेल्ने निर्णय लिँदै आएका थिए ।

२०१८ को अक्सनमा स्टार्कलाई कोलकाताले ९ करोड ४० लाख भारुमा किने पनि चोटका कारण खेलेका थिएनन् ।

स्टार्कले त्यसपछि अक्सनमा नाम दिएका थिएनन् ।यस पटकअक्सनमा इतिहासकै सर्वाधिक २४ करोड ७५ लाखभारु खर्चेर कोलकाताले किनेको थियो । गति र योर्करमा माहिर स्टार्कबाट कोलकाता अष्ट्रेलिया टोलीमा जस्तै सानदार प्रदर्शन चाहन्छ ।

**प्याटकमिन्स- हैदरावाद**

अस्ट्रेलियाका तीव्र गतिका बलर प्याटकमिन्सले गत वर्ष विश्वकप र एसेजलाई समय दिने भन्दै आईपीएल नखेल्ने निर्णय लिएका थिए ।गत नोभेम्बरमा विश्वकपको फाइनलमा अपराजित भारतलाई उसकै घरेलु मैदानमा हराउन कमिन्सले उत्कृष्ट कप्तानी र प्रदर्शन गरेपछि अक्सनमा सनराइजर्स हैदरावादले २० करोड ५० लाख भारुमा किनेको थियो । कमिन्स तीव्र गतिसँगै तल्लो क्रममा ठूलो सटको क्षमता राख्छन् । २०२० देखि २२ सम्म उनले कोलकाताबाट आईपीएल खेलेका थिए ।

**जस्प्रित बुमराह- मुम्बई**

भारतका योर्कर किंग जस्प्रित बुमराहले गत वर्ष आईपीएल ब्याक पेनका कारण खेलेका थिएनन् । प्रमुख तीव्र गतिका बलर बुमराह फर्किंदा पाँच पटकको च्याम्पियन मुम्बईको बलिङ आक्रामणम जबुत बन्नेछ ।उनले १२ करोड भारु पाउनेछन् । चोटपछि फर्किएपछि बुमराहले भारतलाई गत अक्टोबर नोभेम्बरमा फाइनलमा पुऱ्याउन सानदार प्रदर्शन गरेका थिए ।

**ट्रविस हेड - हैदराबाद**

गत नोभेम्बरमा अष्ट्रेलियालाई विश्वकप फाइनलमा हराउन १३७ रनको सानदार शतकीय इनिङ खेलेका हेड २०१७ पछि आईपीएलमा फर्किंदैछन् ।उनले २०१६ मा बेंगलोरबाट आईपीएलमा डेब्यू गरेका थिए । पछिल्लो समय लगातार आक्रामक कक्रिकेट खेल्दै आएका हेडलाई गतअक्सनमा हैदरावादले ६ करोड ८० लाख रुपैयाँ खर्चेको थियो ।

**ऋषभपन्त- दिल्ली**

दिल्ली क्यापिटल्सका कप्तान ऋषभ पन्त २०२२ डिसेम्बरमा कार दुर्घटनामा परेपछि पहिलो पटक क्रिकेटमा फर्किंदै छन् । विकेटकिपर पन्त गम्भीर दुर्घटनामा परेपछि उनलाई रिकभर हुन समय लागेको थियो । यस पटक कप्तानको रुपमा फर्किने दिल्लीले जनाइ सकेको छ ।

उनले १६ करोड भारु दिल्लीबाट पाउँछन् । ९८ आईपीएल खेलमा पन्तले १ शतक र १५ अर्धशतकसहित कुल २८३८ रन बनाएका छन् । आगामी जुनमा हुने टी-२० विश्वकपमा स्थान बनाउन पन्तलाई सानदार प्रदर्शन समेत गर्नुपर्ने हुन्छ ।

**श्रेयस ऐर -कोलकाता**

युवा ब्याटर तथा कोलकाताका कप्तान श्रेयस ऐर पनि २०२२ पछि आईपीएलमा फर्किदैछन् । श्रेयस ऐर गत वर्ष ब्याक सर्जरीको कारण आईपीएल गुमाएका थिए । ऐरले १२ करोड २५ लाख भारु पाउनेछन् । ऐर फर्किंदा मध्यक्रम ब्याटिङ मजबुत बन्नेछ । स्टार्कलाई कीर्तिमानी मूल्यमा किनेको कोलकाताले ऐरको आगमानमा उपाधि जित्ने लक्ष्य राख्नेछ ।अनलाईन खवर

# जापान एयरलाइन्सले ३२ एयरबस र १० बोइङ विमान खरिद गर्ने घोषणा

एएफपी

टोकियो । जापान एयरलाइन्सले एयरबससँग ३२ र बोइङसँग १० नयाँ विमान खरिद गर्ने बताएको छ । कम्पनीले एयरबसबाट २१ ए ३५०-९००, बोइङ कम्पनीसँग ११ वटा ए ३२१ नियो र १० वटा बोइङ ७८७-९ जहाज ल्याउने जनाएको छ ।




एयरलाइन्सका प्रवक्ताले आदेशको वित्तीय विवरणबारे टिप्पणी गर्न भने अस्वीकार गर्नुभयो । "यी नयाँ विमानहरूको खरिदले उत्तर अमेरिका, एशिया र भारतजस्ता क्षेत्रहरूमा प्राथमिक ध्यान केन्द्रित गर्दै एयरलाइन्सको अन्तर्राष्ट्रिय आवागमनको क्षमता बढाउने र विस्तार गर्ने लक्ष्य राखेको छ," जापान एअरलाइन्सद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

"जापान एयरलाइन्स समूह कार्बन डाइअक्साइड उत्सर्जन घटाउने लक्ष्य हासिल गर्ने प्रयासको एक भागको रूपमा ईन्धन-कुशल विमानको परिचयलाई निरन्तर अगाडि बढाउन प्रतिबद्ध छ," विज्ञप्तिमा भनिएको छ ।जापानले आर्थिक वर्ष २०३० सम्ममा सन् २०१९ को तुलनामा कूल उत्सर्जनमा १० प्रतिशतले कमी ल्याउने र आर्थिक वर्ष २०५० सम्ममा शून्य उत्सर्जन गर्ने लक्ष्य राखेको छ ।

# रौजा मजार शरीफ विकास समितिको अध्यक्षमा पुनः राईन

**टुडे समाचारदाता**

जनकपुरधाम।महोत्तरीकोरौजा मजार शरीफ़ विकास समितिको अध्यक्षमा पुनः सलिम राईन सर्वसम्मतिले चुनिएका छन् ।

सो क्षेत्रका प्रदेश सभा सदस्य तथा लोकतान्त्रिक समाजवादीका नेता जयनुल राईनको विशेष उपस्थितमा बिहीवार भएको भेलाबाटबाट अध्यक्षमा पुनः राईनलाई सर्वसम्मतिले चयन गरिएको छ । त्यसैगरि, समितिको वरिष्ठ उपाध्यक्षमा मौलाना रहमतुला क़ादरी, उपाध्यक्षमा सकुर कवारी, शरीफुल शेख र मजलूम कावारीलाई चयन गरिएको छ ।



त्यसैगरि, महासचिवमा बेचन मोमिन, सचिवद्वयमा अलि हुसेन नदाफ, नजामुदिन कवाडी, कोषाध्यक्षमा मनिफ शेख, सह सचिवमा मोहम्मद फिरोज र सह कोषाध्यक्षमा इस्माइल कवरीलाई चयन गरिएको समितिले जनाएको छ।

समितिको सदस्यहरुमा बसारत अंसारी, जैनुल शेख़, समसुल नदाफ, याकुप मोमिन, नथुनी कावरी, दाऊद शेख़, अयुब अंसारी, जीबछ कावरी र हबीब कवारी यस अघि नै निर्वाचित भईसकेका थिए ।

# स्वच्छ र शुद्ध खाद्यान्न तर्फ गम्भीर बन्नुपर्ने आवश्यकता

**टुडे समाचारदाता**

जनकपुरधाम । जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलले बेरोजगार युवाहरुलाई वैदेशिक रोजगारी भन्दा पनि स्वदेशमै खेतीपाति गरि स्वरोजगार गर्नुपर्ने आवश्यकता रहेको बताएको छ ।

जनकपुरधाममा बिहीबार आयोजना गरिएको प्रदेशस्तरीय खाद्य स्वच्छता तथा गुणस्तर नियमन सम्बन्धि गोष्ठीमा बोल्दै उनले अहिलेको पुस्ताले खेतीपातिमा ध्यान नदिँदा अन्नवालीलगायतका उत्पादन घटेपछि मुलुकमा स्वच्छतासँगै शुद्ध खाद्यान्न सामग्रीहरु पाउन समस्या रहेको बताए ।

स्वच्छ तथा शुद्ध खाद्यान्न सामग्रीका लागि युवापुस्ताले उत्पादनतर्फ ध्यान दिएमा मुलुकको विकास, समृद्धि र स्वरोजगारीको माध्यमले विदेशिनुपर्ने अवस्थाको अन्त्य हुने बताए ।



खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको आयोजनामा भएको गोष्ठीमा जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले देशभित्र उपलब्ध खाना सुरक्षित हुनुपर्ने बताए । उनले स्वस्थ र मानव उपभोगको लागि उपयुक्त रहने बताए ।

# जाडो छल्ल नेपाल आएका चरा स्वदेश फर्किए

**बेलबारी** । विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि रसिया, साइबेरियालगायत मुलुकबाट जाडो छल्न नेपाल आएका पर्यटक चरा स्वदेश फर्किएका छन् । चैत सुरुदेखि पर्यटक चरा स्वदेश फर्किने गर्दछन् ।

असोजदेखि नेपाल आउने हिउँदे पर्यटक चरा पुससम्म आउने क्रम जारी रहने जनाउँदै चैत लागेसँगै आफ्नै गन्तव्य स्थान फर्कने राष्ट्रिय प्रकृति संरक्षण कोष कोशी संरक्षण केन्द्रका प्रमुख वीरेन्द्र गौतमले बताउनुभयो । उहाँका अनुसार सुनसरी, सप्तरी र उदयपुर जिल्लाको सङ्गमस्थलमा रहेको कोशीटप्पु वन्यजन्तु आरक्ष नेपालमा चराको राजधानीजस्तै बनेको छ ।



करिब पचास प्रजातिका बटुवा चरा नेपालको बाटो हुँदै भारत, पाकिस्तान र श्रीलङ्कातर्फ जाने गौतमले बताउनुभयो । उहाँका अनुसार यसरी जाडो छल्न आउने हिउँदे आगन्तुक चरा नेपालका प्रमुख सिमसार क्षेत्र कोशीटप्पु वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, बिसहजारी, जगदीशपुर, घोडाघोडी ताल, शुक्लाफाँटा वन्यजन्तु आरक्ष तथा कोशी, गण्डकी, नारायणी नदी र त्यसका सहायक नदीमा प्रायः रहने गर्दछन् ।

जाडो याममा नेपालमा बसाइँ सरेर आउने चराको अधिकांश हिस्सा हाँस प्रजातिले ओगट्छन् भने अन्य प्रजातिमा सिकारी तथा मांसाहारी चरा, चाँचर, साना फिस्टा, अर्जुनक, झ्याप्सी, भद्राइलगायत प्रजाति पर्ने चरा विद्हरु बताउँछन् ।

अघिल्लो वर्षभन्दा यस वर्ष कोशीटप्पु आरक्ष क्षेत्रमा चराको संख्यामा कमी आएको कोशी संरक्षण केन्द्रका प्रमुख गौतमले बताउनुभयो । उहाँका अनुसार 'मिड-विन्टर वाटर वर्ड सेन्सस-२०२४' अन्तर्गत यस वर्ष कोशीटप्पु आरक्षलगायत कोशी नदी क्षेत्रमा गरिएको गणनामा ५३ प्रजातिका पाँच हजार पाँच सय २७ संख्यामा चरा फेला परेका छन् । गत वर्ष ५६ प्रजातिका सात हजार पाँच सय ७३ चराको तथ्याङ्क रहेको उहाँको भनाइ छ ।

बर्सेनि नयाँ-नयाँ प्रजातिका चरा आउने क्रम थपिए पनि यस वर्षको गणनामा चराको प्रजाति र संख्यामा कमी आएको राष्ट्रिय प्रकृति संरक्षण कोष कोशी संरक्षण केन्द्रका प्रमुख वीरेन्द्र गौतमले बताउनुभयो । गत पुस २५ देखि २९ गतेसम्म भएको चरा गणनाको विश्व सिमसार दिवसका अवसरमा तथ्याङ्क सार्वजनिक गरिएको थियो । गौतमका अनुसार कोशीमा सबैभन्दा धेरै आठ सय ४८ को संख्यामा सिलसिले हाँस फेला परेका छन् ।

उच्च संख्यामा फेला परेका १० प्रजातिका चरामध्ये चखेवा पाँच सय छ, राज हुटिट्याउ चार सय ५५, जलेवा चार सय ४५, वस्तु बकुल्ला तीन सय ७६, सानो जलेवा तीन सय ७१, कर्रा सवारी दुई सय ५७, लामाऔंले दुई सय २२, आसकोटे बकुल्ला दुई सय १० र जलरङ्ग एक सय ८७ रहेका उहाँले जानकारी दिनुभयो । कोशीटप्पु आरक्ष क्षेत्रलगायत कोशी क्षेत्रमा यस वर्ष चराको सङ्ख्या घटेको उहाँले बताउनुभयो ।

चराको गुणस्तरीय बासस्थानको अभाव, बासस्थान क्षेत्रमा भइरहेका विकास निर्माण, खेतीबालीमा बढ्दो विषादिको प्रयोग र मानवीय क्रियाकलापले गर्दा चराका सङ्ख्या घटेको कोशीटप्पु वन्यजन्तु आरक्ष क्षेत्रका वाडेन रमेशकुमार यादवले बताउनुभयो । चरा उड्ने ठाउँमा बिजुलीको हाइटेन्सन लाइनको अवरोध गर्दा पनि आगन्तुक चरा घट्ने क्रममा रहेको उहाँको भनाइ छ । "हाइटेन्सन लाइनमा इन्सुलेट गर्नुपर्ने हुन्छ । वनमा चराले आहारा पाउन छाड्दै गए, साथै वनमा लाग्ने डढेलोले चरालाई प्रत्यक्ष असर पुऱ्याएको छ", वाडेन यादवले भन्नुभयो ।

पानीमा आश्रित चरालाई सिमसार संरक्षणको अभाव हुनुका साथै आहाराको कमीले सङ्ख्या घटेको हुनसक्ने कोशी पन्छी समाजका अध्यक्ष चक्र तिम्सिनाले बताउनुभयो । "मानव बस्ती र मानवीय व्यवहार, पूर्वाधार निर्माण, जलवायु परिवर्तनको असर, वनमा लाग्ने आगोलगायत कारणले पर्यटक चरा आउन ह्रास भएको हुनसक्छ", उहाँले भन्नुभयो ।

पन्छी समाजका अध्यक्ष तिम्सिनाका अनुसार दक्षिणी मुलुक र अफ्रिकाबाट हजारौं ग्रिष्मकालीन आगन्तुक चरा बच्चा कोरल्न नेपाल आउने गर्दछन् । यी चरा असोजसम्ममा आफ्ना बच्चा हुर्काएर पुरानै बासस्थानमा फर्कने उहाँले जानकारी दिनुभयो ।"यसरी आउने करिब ६० प्रजातिका चराको अधिकांश हिस्सा कोइली प्रजातिको हुन्छन् ।

नेपालमा पाइने १९ प्रजातिका कोइलीमध्ये १५ प्रजातिले त आफ्नो गुँड नै बनाउँदैनन् र आफ्नो अण्डा अरु चराको गुँडमा पार्दिन्छन् । उक्त चराले आफ्नै सन्तान ठानेर कोइलीको बच्चालाई हुर्काउँछ", पन्छी समाजका अध्यक्ष तिम्सिनाले भन्नुभयो ।

उहाँका अनुसार नेपाल आउने अन्यमा मुरलीचरी, गाजले सुनचरी, स्वर्गचरी, चित्रक पिट्टा, कटुस टाउकेलगायत हुन् । ग्रीष्मकालीन आगन्तुक चराको मुख्य बासस्थान भने वन र यस आसपासका घाँसेमैदान तथा कृषिभूमि हुन् ।रासस

# आगलागी सम्बन्धी कृत्रिम घटना अभ्यास अभ्यास

**टुडे समाचारदाता**

जनकपुरधाम । जोखिम, विपद् व्यवस्थापनका लागि नेपाली सेनाले आगलागी सम्बन्धी कृत्रिम घटना अभ्यास अभ्यास गरेको छ ।

धनुषाको क्षीरेश्वरनाथ- ७ स्थित नेपाली सेनाले खुल्ला मैदानमा श्री श्रीनाथ गणको अगुवाईमा सरोकारवालको सक्रिय सहभागितामा आगलागी सम्वन्धी कृत्रिम घटना अभ्यास कार्यक्रम गरेको श्रीनाथ बटालियन गणका सपन थापाले जानकारी दिए ।



सो कार्यक्रममा क्षीरेश्वरनाथ नगरपालिकाका मेयर सुखदेव यादव, बटेश्वर गाउँपालिकाका अध्यक्ष रामअशिष महतो, श्री नं. २७ बाहिनीका बाहिनिपति सहायक रथी पुर्ण बहादुर खत्री, श्रीनाथ गणका गणपति प्र.से. श्री सुरेश देवकोटा, सशस्त्र प्रहरी धनुषाका प्रहरी उपरीक्षक दर्शन गिरी, धनुषाका प्रहरी उपरीक्षक मित्रबन्धु शर्मा, नेपाल सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरीको सहभागीता रहेको थियो ।

# विषाक्त आहाराकै कारण गिद्ध मर्ने क्रम बढ्दै

**टुडे समाचारदाता**

नवलपरासी । लगभग लोप हुने अवस्थामा पुगेका गिद्ध विषाक्त आहाराकै कारण पछिल्लो समय मर्ने क्रम बढ्दै गएको छ । विषाक्त आहाराका कारण गिद्ध संरक्षणमा चुनौती थपिदै गएको हो ।

प्राप्त जानकारि अनुसार नवलपरासी (बर्दघाट सुस्तापूर्व) मा विषाक्त आहाराका कारण एक वर्षभित्रमा २३ गिद्ध मरेका छन् । जटायु रेस्टुरेन्टका अध्यक्ष एवं संरक्षणकर्मी डिबी चौधरीका अनुसार विषाक्त आहाराका कारण बिरामी भएका गिद्धको उद्धार गरिएको छ ।

कुकुर र स्याललाई मार्न विषादी प्रयोग गेरर कुकुराको मासु खुवाउने गरिएको र विषयुक्त मासु खाएर मरेका कुकुर र स्यालको सिनो खाँदा गिद्धको मृत्यु हुने गरको उनले बताए । उनले गिद्ध जोगाउन ठूलो चुनौती देखिएको बताउदै यस विषयमा समयमै गम्भीर हुनुपर्ने बताए ।

यसअघि गाईवस्तुलाई प्रयोग गरिने डाइक्लोफेनेक औषधिमा २०६३ जेठ २३ गते औषधि व्यवस्था विभागले प्रतिबन्ध लगाए पनि लुकिछिपी बिक्री हुने गरेको छ । सो औषधिका कारण पनि गिद्ध संरक्षणमा चुनौती थपिएको चरा विद्हरु बताउँछन् । डाइक्लोफेनेक औषधि प्रयोग गरी उपचार गराइएका पशुको सिनो गिद्धले खाएमा मिर्गौलामा असर भई गिद्ध मर्ने गरेका चरा विज्ञ डा हेमसागर बरालले बताए ।

विज्ञ बरालका अनुसार विषादी किनबेच गर्न विज्ञको सिफारिस अनिवार्य चाहिने बताउदै पछिल्लो समय मरेका कुकुर, स्याललगायतको सिनोमा डाइक्लोफेनेकभन्दा कडा विषादी प्रयोग गर्दिदा गिद्ध मर्ने गरेको पाइएको चरा विज्ञ बरालले बताए ।

# सिमेन्ट उद्योगमा भएको घाटा न्यूनीकरण गर्ने उद्योग मन्त्रीको प्रतिवद्धता

**टुडे समाचारदाता**

काठमाण्डु । संघिय सरकारका उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले उदयपुर र हेटौँडा सिमेन्ट उद्योगमा भएको घाटा न्यूनीकरण गर्ने प्रतिवद्धता जनाएका छन् ।

प्रतिनिधिसभा, उद्योथ तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको विहबार बसेको बैठकमा उद्योगमा भएको घाटा न्युनिकरण गर्नेगरी जतिसक्दो चाँडो निर्णय गर्ने प्रतिबद्धता व्यक्त गरेका हुन् ।

विहिबारको बैठकमा उनले उदयपुर र हेटौँडा सिमेन्टको गुणस्तर तथा बजारीकरणमा कुनै कमी नभए पनि त्यसले व्यहोर्नुपरेको घाटाका बारेमा अध्ययन गरेर एउटा निर्णयमा पुग्ने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले भने, "गुणस्तर, बजारीकरण र प्रविधिमा कुनै समस्या छैन, तर पनि यी दुई सिमेन्ट उद्योगको वर्तमान अवस्था निराशाजनक नै छ, यसलाई सरकारले गम्भीरतापूर्वक लिएको छ, यथास्थितिमै यी उद्योगलाई राखिराख्नु हुँदैन, सरकारले छिट्टै निर्णय गर्ने छ ।"

सरकारले सञ्चालन गरेका उद्योगलाई थप बलियो बनाउँदै विदेशिएको जनशक्तिलाई स्वदेशमै रोजगारीको सिर्जना गर्ने मन्त्री भण्डरीको भनाइ छ। उनले सरकारले समृद्ध नेपालको आकाङ्क्षालाई पूरा गर्ने गरी द्रुतगतिमा काम गरिरहेको बताए ।

बैठकमा समितिका सदस्य लालप्रसाद साँवा लिम्बूले सरकारले राम्रोसँग सिमेन्ट उद्योग सञ्चालन गर्ने हो भने नयाँ सोच र योजनाका साथ अगाडि बढ्नुपर्ने सुझाव दिए । सांसद रमा कोइराला पौड्यालले निजी क्षेत्रले सञ्चालन गरेका सिमेन्ट उद्योग फस्टाउँदै जाने, तर सरकारले सञ्चालन गरेका सिमेन्ट उद्योग घाटामा जाने प्रक्रिया कसरी भएको प्रश्न तेर्साउदै यसबारेमा सरकारले गम्भीर समीक्षा गर्नुपर्ने र सरकारले सञ्चालन गरेका उद्योग बन्द नहुने गरि कार्य गर्न सुझाव दिएकी थिईन् ।


## Government of Madhesh Pradesh
## Ministry of Labour and Transport
## Janakpurdham
## Invitation for Sealed Quotation

**Second Published Date: 2080/12/09**

1. Ministry of Labour and Transport, Madhesh Pradesh, Janakpurdham invites sealed quotation registered suppliers for the supply and delivery of 125cc class motorcycle.

| S. N. | Contract ID No. | Name of work | Total Estimated Amount (NRs.) | Bid Security Amount (NRs.) | Cost of Bidding Document (NRs.) | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 1 | MOLT/MP/SQ/GOODS/080/81/02 | Purchase of 125cc Class Motorcycle (6 Units) | 15,00,000/- | 37,500/- | 1,000/- | 2080/12/25 up to 12:00 P.M. | 2080/12/25 2:00 P.M. |

2. Eligible bidders may obtain further information from the office of Ministry of Labour and Transport, Madhesh Pradesh, Janakpurdham or enquire through info.molt@madhesh.gov.np

## Ganeshman Charnath Municipality
## The Office of The Municipal Executive
## Birendra Bazzar, Dhanusha
## Madhesh Province, Nepal
## Invitation for Electronic Bids

**Bid Publication date: 2080-12-09**

1. The Office of the municipal executive, Ganeshman Charnath municipality, Birendra Bazzar, Dhanusha invites electronic bids from eligible bidders for the procurement of Medicine under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations as mentioned in the table below.
2. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the office of the Ganeshman Charnath Municipality, Birendrabazar on or before 12:00 noon on 2080-12-25. Bids received after this deadline will be rejected.
3. Information to deposit the cost of bidding document :
   **Name of the Bank:** Machhapuchhare Bank **Name of Office:** Ganeshman Charnath Municipality
   **Office Code no. :** 80102119 **Office Account no.:** 0710086327900071
   **Rajaswa (revenue) Shirshak no. :** 14229
4. Bids shall be opened in presence of Bidders' representatives who choose to attend at 14:00 on 2080-12-25 at the office of Ganeshman Charnath Municipality, Birendrabazar, Dhanusha. Bids validity period and bid security amount should be as mentioned in Bid documents. If bidder wishes to submit the Cash Security, the cash should be deposited in the following Account :
   **Name of the Bank:** Machhapuchhare Bank **Name of Office:** Ganeshman Charnath Municipality
   **Office Code no. :** 80102119 **Office Account no.:** 0710086327900091 (Dharauti khata)

| S. N. | Contract Identificaiton No. | Description of Goods | Estimated Cost (without VAT & Contigencies) Nrs. | Bid Security Nrs. | Bid Price Nrs. |
|---|---|---|---|---|---|
| 1 | GCM/SQ/Goods/04/2080-81 | Procurement of Medicine | 48,63,532.53 | 1,22,000.00 | 1000.00 |

**Chief Administrative Officer**




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८